लेखापरीक्षण प्रतिवेदन

पुनर्वास नगरपालिका, कंचनपुर

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

पुनर्वास नगरपालिका, कंचनपुर

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख — महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/686

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
पुनर्वास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
कञ्चनपुर।

कैफियतसहितको राय

हामीले पुनर्वास नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी अख्तियारी मार्फत खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२३ करोड ४ लाख ८६ हजार, पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु.१४ लाख ५० हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.६१ लाख ९१ हजार समेत रु.२३ करोड ८१ लाख २७ हजार समावेश गरेको छैन।
२. नगरपालिकाको रु.१ अर्ब २६ करोड २२ लाख १२ हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड ८६ लाख ८ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू.५ लाख ७२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६६ लाख ६० हजार, नियमित गर्नुपर्ने रु.६६ लाख २२ हजार र पेस्की बाँकी रु.१ करोड ४७ लाख ५३ हजार रहेको छ। गत वर्षसम्म रु.२० करोड २ लाख १ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १७ करोड ७५ लाख ६३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ।

एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
१०१	६२	२,८६,०७,८०५.३७	०	०	०	०	१०१	६२	२,८६,०७,८०५.36	५,७१,९५४.२०	६६,२२,१११	६६,६०,४३९.17	०	०	१,३२,८२,५५०	१,४७,५३,३०१

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
कञ्चनपुर	२०,०२,००,९९२	०	५७४६२५६९.२१	१४२७३८४२२.७९	६२१६५३४	२,८६,०७,८०5.३६	१७,७५,६२,७६२.15

बेरुजु सम्परीक्षणको विवरण

क.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९/८०	४१	पारिश्रमिक कर	१,१०,९३८
२	२०७८/७९	३४	सेन्टरी प्याड वितरणको भर्पाई पेश नभएकोः	८,६४०
३	२०७८/७९	१९.१	सशर्त पुजिगत	३,३८,००,०००
४	२०७८/७९	२३.१	शसर्त अनुदान (शिक्षा चालु)	४८,८८८
५	२०७८/७९	३७.१	राहत वितरण	९,७३,८०१
६	२०७८/७९	२४	चालुतर्फ	१०,०६,७१७
७	२०७८/७९	४०	आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराहरु	५३,८२,९१२
८	२०७७/७८	३७.२	विद्यालय अनुदान	२९,३३,३०९

९	२०७७/७८	२९	बढी भुक्तानी-	९१,३२८
१०	२०७९/८०	१३	पेश्की	८,००,०००
११	२०७६/७७	२	जिम्मेवारी फरक परेको	१२००६०३७.२१
१२	२०७६/७७	५२	दोहोरो भुक्तानी असुल	३०००००
जम्मा				५७४६२५६९.२१

(८०७७६४०२३०० - पुनर्वास नगरपालिका, कंचनपुर)

पुनर्बास नगरपालिका , कञ्चनपुर

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले पुनर्वास नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ११ वडा, १०३.७१ वर्ग किलोमिटर क्षेत्रफल र ५३६३३ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।२२ देखि २०८१।०९।२५ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ जम्मा रू.१ अर्ब २६ करोड २२ लाख १२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२,७५,६८५।०० असुल भई दाखिला भएको प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	पुनर्वास जनता मा.वि. शिक्षक विर भद्र न्यौपानेको बढी भुक्तानी	८७३६०
२	नमराज पाण्डे बढी तलब भत्ता फिर्ता	१४६२५
३	पुनर्वास जनता मा.वि.को छात्र वृति बढी भुक्तानी	५२००
४	जनज्योति मा.वि.को छात्र वृत्ती बढी भुक्तानी	३६००
५	ओम उपन्य ट्रेर्डसबाट नगरपालिकाको पुरानो भवन कोठा नं.१ को २०७७ भाद्र देखि २०८१ पौष महिना सम्मको स्टर भाडा	१२७९००
६	एन्जल बिजनेस लिङ्क बाट २०८० श्रावण देखि २०८१ पौष महिना सम्मको पुरानो सटर कोठा नं.५ को सटर भाडा प्राप्ती	३७०००
	जम्मा	२७५६८५

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको विश्लेषण**

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारिण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाको कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ।

आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व अनुदान र अन्य प्राप्ति						
११०००	कर	१५०५८८३६०.७५	०.००	१५०५८८३६०.७५	१४१९०५१७८.३३	०.००	१४१९०५१७८.३३
१३०००	अनुदान	४१३१४७४८३.३०	०.००	४१३१४७४८३.३०	४७५६१६८६७.१८	०.००	४७५६१६८६७.१८
१४०००	अन्य राजस्व	२०८८५३०५.३३	०.००	२०८८५३०५.३३	१२०७०११५.४८	०.००	१२०७०११५.४८
१५०००	विविध प्राप्ति	२००७७.००	०.००	२००७७.००	९३५२८.००	०.००	९३५२८.००
क	**कुल जम्मा प्राप्ति**	५८४६४१२२६.३८		५८४६४१२२६.३८	६२९६८५६८८.९९		६२९६८५६८८.९९
३	चालु	४१६०६८५०२.८०	०.००	४१६०६८५०२.८०	४३७०६५७५१.८५	०.००	४३७०६५७५१.८५
२१०००	पारिश्रमिक / सुविधा	२३८४१५७४७.७३	०.००	२३८४१५७४७.७३	२३४८७१७८९.१२	०.००	२३४८७१७८९.१२
२२०००	मालसामान तथा सेवाको उपयोग	१७०६५२३४५.०७	०.००	१७०६५२३४५.०७	१९१७६२४९३.७३	०.००	१९१७६२४९३.७३
२५०००	सहायता (Subsidy)	४९९९१०.००	०.००	४९९९१०.००	२०२१८३०.००	०.००	२०२१८३०.००
२७०००	सामाजिक सुरक्षा	५०८४३००.००	०.००	५०८४३००.००	७०५६३१९.००	०.००	७०५६३१९.००
२८०००	अन्य खर्च	१४१६२००.००	०.००	१४१६२००.००	१३५३३२०.००	०.००	१३५३३२०.००
४	पूंजीगत	१८१२६३८१९.००	०.००	१८१२६३८१९.००	२३००५६७३७.२०	०.००	२३००५६७३७.२०
३१११०	भवन तथा संरचना	५०८२३४२०.००	०.००	५०८२३४२०.००	५२८१८६८६.८१	०.००	५२८१८६८६.८१
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स	२२५६८६७४.००	०.००	२२५६८६७४.००	१९६५६९४५.००	०.००	१९६५६९४५.००
३११३०	अन्य पूँजीगत खर्च	४२५३०५३.००	०.००	४२५३०५३.००	२१००७७४.००	०.००	२१००७७४.००
३११४०	सुरक्षा उपकरण	०.००	०.००	०.००	४९७२००.००	०.००	४९७२००.००
३११५०	सार्वजनिक निर्माण	१०३३८०५५८.००	०.००	१०३३८०५५८.००	१५३८२६८७३.३९	०.००	१५३८२६८७३.३९
३११६०	निर्मितसरचनाको सुधार खर्च	२३८११४.००	०.००	२३८११४.००	११७१२१.००	०.००	११७१२१.००
३११७०	पूँजीगत सुधार खर्च	०.००	०.००	०.००	४९७२००.००	०.००	४९७२००.००
३१३१०	बहुमूल्य सामानहरु	०.००	०.००	०.००	५४१९३७.००	०.००	५४१९३७.००
ख)	**कुल जम्मा भुक्तानी**	५९७३३२३२१.८०		५९७३३२३२१.८०	६६७१२२४८९.०५		६६७१२२४८९.०५

ग)	**बचत /कमी (ग = क-ख)**	(१२६९१०९५.४२)	०.००	(१२६९१०९५.४२)	(३७४३६८००.०६)	०.००	(३७४३६८००.०६)
घ)	**धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	(६९८३६६१.८६)		(६९८३६६१.८६)	(६१६२०३३.२६)		(६१६२०३३.२६)
घ.१)	**कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी**						
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	(१९६७४७५७.२८)		(१९६७४७५७.२८)	(४३५९८८३३.३२)		(४३५९८८३३.३२)
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	२१७००७०९१.६७		२१७००७०९१.६७	२४७११९२०४.३९		२४७११९२०४.३९
छ)	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**						
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	१९७३३२३३४.३९		१९७३३२३३४.३९	२०३५२०३७१.०७		२०३५२०३७१.०७

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। सोही प्रणालीबाट स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गरिएको छ। पालिकाले पर्यटन पूर्वाधार विकास आयोजनामा रू.१४,४९,५९२।००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रू.६१,९१,२१४।०० र समाजिक सुरक्षा तथा संरक्षणको रू.२३,०४,८५,८५१ समेत गरी रू. २३,८१,२६,६५७ सुत्रमा लेखाङ्कन गरेको छैन। पालिकाबाट भएका सबै कारोबारहरु वित्तीय विवरण (म.ले.प.फा.न. २७०)मा समावेश गर्नुपर्दछ।

२.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ। पालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिम यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार मौज्दात रू.१९७३३२३३४।३९ र बैङ्क अनुसार मौज्दात रू १९७३१८९४४.।७० देखियो। बैकमा घटी रू. १३३८९.६९ भएको विषयमा यथार्थ अवस्था यकिन गरी हिसाव मिलान गरी प्रमाण पेश हुनु पर्ने रू

संकेत	कोष खाता	गत बर्षको मौज्दात रकम	घट/बढ नगद	मौज्दात रकम	नगद मौज्दात	बैक स्टेटमेन्ट अनुसार
ग १.१	आन्तरिक राजस्व खाता	०	१३३८९.६९	१३३८९.६९	१३३८९.६९	०
ग १.२	बाँडफाँडबाट प्राप्त राजस्व खाता	०		०	०	०
ग १.३	आन्तरिक अनुदान खाता	०		०	०	०
ग ४.१	स्थानीय तह सञ्चित कोष खाता	१८०२००३९३.५	-१२७०४४८५.११	१६७४९५९०८.३९		१६७४९५९०८.३९
ग ३.१	स्थानीय तह धरौटी खाता	११७८३५७७.४६	२६६०११८.७६	१४४४३६९६.२२		१४४४३६९६.२२
ग २.१	चालू खर्च खाता- विजोर वर्ष	०		०		०
ग २.२	चालू खर्च खाता- जोर वर्ष	०		०		
ग २.३	पूँजिगत खर्च खाता- विजोर वर्ष	०		०		०
ग २.४	पुँजीगत खर्च खाता- जोर वर्ष	०		०		
ग २.७	विविध खर्च खाता	३३१७३०८.२५	१५४७५४३.९८	४८६४८५२.२३		४८६४८५२.२३
ग ५.१	स्थानीय तह विविध कोष खाता	७०२५२९८.६६	१००००००.	८०२५२९८.६६		८०२५२९८.६६
ग ७.२	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	११९३७९३.२	१२९५३९६.	२४८९१८९.२		२४८९१८९.२
जम्मा		२०३५२०३७१.०७	-६१८८०३६.६८	१९७३३२३३४.३९	१३३८९.६९	१९७३१८९४४.७०

प्रमाण पेश नगरेको	१३,३८९

२.४ **सञ्चित कोषमा स्थानान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार यो वर्षको अन्त्यमा आन्तरिक राजस्व खातामा रू.१३३८९।६९ मौज्दात रहेको देखियो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

३ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.३३५०५२६६।५९ राजस्व बाँडफाँटबाट रू.१३७९७६३०६।८०, अनुदानबाट रू.४३२७८०८४६।०० तथा अन्य प्राप्ति रू.३३५०५२६६।५९ लगायत रू.६२८००५७८३।९९ प्राप्त भएकोमा चालु तर्फ

रु.४१६०६८५०२।८० तथा अन्यकोष तर्फको भुक्तानी रू.३६८७३६६८.५६ र पुँजीगत तर्फ रू.१८१२६३८१९।०० समेत रु.६३४२०५९९०।३६ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.२८ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँटको रकमबाट ६५.६० प्रतिशत चालु र २८.५८ प्रतिशत मात्र पुँजीगत खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

४ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। जस अनुसार यो वर्ष पुँजिगत खर्च रू.१८ करोड १२ लाख ६३ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.१२ लाख २३ हजार अर्थात ०.६८ प्रतिशत, दोस्रो त्रैमासिकमा रू.४ करोड २२ लाख ६१ हजार अर्थात २३.३१ प्रतिशत, तेस्रो त्रैमासिकमा रू.२ करोड ७६ लाख ४५ हजार अर्थात १५.२५ प्रतिशत र चौथो त्रैमासिकमा रू.११ करोड १ लाख ३३ हजार अर्थात ६०.७६ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू.६ करोड ८० लाख ३० हजार अर्थात ३७.५३ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

बजेट उपशिर्षक	कुलखर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१८१२६३८१९	१२२३५४३	४२२६११७१	२७६४५८४१	११०१३३२६४	६८०३०८५५
प्रतिशत	१००.	०.६८	२३.३१	१५.२५	६०.७६	३७.५३

५ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सfमाजिक विकासमा सबैभन्दा बढी ४९.५९ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सबै भन्दा घटीमा १.५५ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्गकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नु पर्दछ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	४२५९५५००	३२७७९१२१	५.४९
२	सामाजिक विकास	३४४२८३०००	२९६२०३९८७	४९.५९
३	पूर्वाधार विकास	२०७२३४५००	१३२०३५४१७	२२.१०
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	११४०००००	९२३९९९२	१.५५
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१७६०२५०००	१२७०७३८०५	२१.२७
कुल जम्मा		७८१५३८०००	५९७३३२३२२	१००.००

६ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आवधिक योजना तयार गरेको छ। पालिकाको आवधिक योजनामा समावेश भएका कुल ११ पालिका गौरवका योजनाहरु मध्ये धार्मिक तथा सांस्कृतिक विषयसँग सम्बन्धित ४, शैक्षिक क्षेत्रसँग सम्बन्धित ३, स्वास्थ्य क्षेत्र सँग सम्बन्धित १, पर्यटनसँग सम्बन्धित १, खेलकुदसँग सम्बन्धित १ र कृषि सम्बन्धी १ रहेको देखियो। जस अन्तर्ग जनता बहुमुखी क्याम्पसको शैक्षिक सुधार कार्यक्रम जुन स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने संवैधानिक परिकल्पना देखिदैन। नमुना विद्यालय कार्यक्रम, ज्योती सामुदायिक विद्यालय पुस्ताकालय विस्तार कार्यक्रम जस्ता कार्यक्रमले पालिकाको नागरिकको जीवन स्तरमा ठूलो रुपान्तरण ल्याउन सक्ने अवस्था देखिदैन। पालिकाको आर्थिक, शैक्षिक तथा समाजिक जीवनमा ठूला परिवर्तन ल्याउने रुपान्तरणकारी (गेम चेन्जर) आयोजनाहरुलाई पालिका गौरवका आयोजनाको रुपमा समावेश हुनुपर्दछ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको कार्यान्वयन गर्नुपर्दछ।

७ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।०७ मा रू.७७ करोड ८१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।२५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो। ऐनमा तोकिएको अवधि भन्दा ९ दिन ढिलो गरी प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो। ऐनमा निर्धारित अवधि भित्र खर्च गर्ने अख्तियारी दिन सम्बन्धितको ध्यान जानु पर्दछ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

८ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। पालिकाले त्यस्तो समिति गठन गरेको देखिएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्न सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

९ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको परिपालनामा ध्यान दिनुपर्दछ।

१० **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो

वर्ष भैपरी आउने पुँजिगत शिर्षकमा रू.७४ लाख ४३ हजार विनियोजन गरी कार्यपालिकाको निर्णयले विभिन्न योजनाहरुमा बाँडफाट गरी हिउँदे सभाबाट अनुमोदन गराएको देखियो। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेतलाई ख्याल नगरी पछि बाँडफाट हुने गरी अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ। यसरी ठूलो मात्रामा बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखियो। तसर्थ बजेट खर्चलाई बजेट अनुशासन र पद्धतिमा आधारित बनाउनुपर्दछ।

११ रकमान्तर

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा स्थानिय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ। त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वियन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुदा ३.१ मा पूँजीगत खर्चको रूपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ। यस वर्ष पालिकाले १०९ योजना तथा कार्यक्रमबाट रू.४ करोड ४० लाख ९९ हजार घटाएकोमा १२० योजना तथा कार्याक्रममा रू.४ करोड ५० लाख ९९ हजार वढाएको देखिन्छ। पालिकाले ५५ चालु प्रकृतिका योजना तथा कार्यक्रमबाट रू.१ करोड ५९ लाख ९९ रकमान्तर गर्दा ३६ चालु प्रकृतिका योजनामा रू.१ करोड ५१ लाख ८२ हजार र ८४ वटा पुजीगत योजनामा रू.२ करोड ९९ लाख १७ हजार रकमान्तर गरी वढाएको देखिन्छ। पालिकाले यथार्थ परक बजेट बनाई रकमान्तर कार्यमा नियन्त्रण ल्यानु पर्छ।

१२ योजना संशोधन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २४ मा सम्बन्धित बजेट शिर्षकबाट मात्रै बजेट खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष १५ सैया अस्पतालन भवन निर्माण अन्तर्गत विनियोजित बजेट शिर्षकबाट रू.११२४०००। ०० खर्च लेखि सके पश्चात एलएमविआईएसबाट उक्त बजेट शिर्षक नै हटाइएकोले उक्त खर्च सुरक्षित नागरिक आवास शिर्षकबाट खर्च जनाइएको देखियो। जस्ले गर्दा सुरक्षित नागरिक आवासमा विनियोजित बजेट १५ सैयाको अस्पताल भवन निर्माणमा खर्च भएको देखियो।यसरी तालुक निकायबाट बजेट खर्च शिर्षक नै हटाइएको कारणले फरक शिर्षकबाट खर्च हुन गएको देखियो। जसले गर्दा योजना संशोधन नहुनै अर्को शिर्षकबाट भुक्तानी हुन गएको देखियो। अर्थ मन्त्रालय लगायतबाट यस प्रकारको कार्यमा नियन्त्रण हुनुपर्दछ।

१३ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समावेस गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट भुक्तानी बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ तर पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गराई राख्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी निम्नानुसार योजनाहरुको लागि रू.३६५४५०८।०० भुक्तानी दिएको छ। आगामी वर्ष दायित्व सृजना गर्ने गरी बजेट व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

क्र.स.	कार्यक्रमको नाम	भुक्तानी दिन बांकी रकम
१	वडा नं २ अरनिको यूवा क्लबको खेलमैदानमा पूर्वाधार निर्माण	४२७१४३
२	वडा नं ३ कंचन छोईलिङ गुम्बाको नाममा रहेको वडा नं २ मा रहेको गुम्बा सम्बन्धि विस्तृत गुरुयोजना निर्माण	९७७४५०
३	वाल वागिश्वरी मा वि का लागि ह्वाईटवोर्ड खरीद तथा हस्तानान्तरण	१२५७६९
४	वडा नं ११ मा स्वास्थ्य कार्लय भवन निर्माणका लागि माटो परीक्षण	२४७१९८
५	वडा नं ९ शसस्त्र प्रहरी अस्थायी चेक पोष्टमा खानेपानी नल जडान	६९००
६	वडा न+ ८ जमुनाघारी अधुरो ग्रेभलमा अपुरो सडकमा ग्रेभल	९४५८८
७	वडा न. ५ अन्तर्गतका विभिन्न सडक मर्मत र पशुखोर निर्माण	४१६५३४
८	आँखा अस्पतालका लागि औषधि खरीद	४३९०२
९	नेट संचालन शुल्क	९७८००
१०	कार्यालयको जेसिवी तथा रोलर मर्मत	१९६६९९
११	कार्यालयको जेसिवी तथा रोलर मर्मत	२५३६८
१२	कार्यालयको जेसिवी तथा रोलर मर्मत	१४५००
१३	कार्यालयको दमकल मर्मत	३००००
१४	स+वेदनशील स्थलहरुमा सडक बत्ती जडान र नेट वर्किङ	१८७६८१
१५	कार्यालयमा नेटवर्किङ सम्बन्धि काम	२९४९३०
१६	कक्षा ६ देखी ८ सम्मको स्थानीय पाठ्यक्रमको मस्यौददा निर्माण	३०००००
१७	खेलकुद सामग्री खरीद तथा हस्तानान्तरण	५८८१६
१८	खेलकुद सामग्री खरीद तथा हस्तानान्तरण	२७८७०
१९	स्थानीय आपतकालीन कार्य संचालन केन्द्र नोट प्याड छपाई	८१३६०
जम्मा		३६५४५०८

१४ **दायित्व बाकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा बजेट तर्जुमा गर्दा प्रचलित कानून बमोजिम सृजित दायित्वको लेखाजोखा गर्नु पर्ने र अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को बुँदा न ४.१.३ मा बजेट अनुमान गर्दा गत वर्षको भुक्तानी दिन बाकी दायित्वको लागि आवश्यक बजेट अनुमान गरे पश्चात मात्र अन्य पुजिगत कार्यक्रमको लागि बजेट अनुमान गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार गत वर्षको भुक्तानी दिन बाकी लगायत क्रमागत तथा अधुरो योजनाको यो वर्ष बजेटमा राखि ब्ययको अनुमान गरिएको छ भने यो वर्षको भुक्तानी दिन बाकी तथा अधुरो तथा क्रमागत योजनाको लागि रू.६६५०६९९।०० राखी आगामी आ व २०८१।८२ को लागि ब्यय अनुमान गरिएको देखियो। आगामी वर्षको लागि समेत दिर्घकालिन अवधिको लागि दायित्व सृजना हुने गरी कार्यक्रम तथा योजना छनौट गर्दा दिगो विकास हुने रोजगारमूलक प्रकृतिका आयोजना छनौट गर्नु पर्ने साना साना योजनाहरु छनौट गरी सोको लागि थोरै रकम विनियोजन गर्ने र अधुरो योजनाको रुपमा आगामी वर्ष समेत सोही साना योजनाहरुमा बजेट निरन्तर विनियोजन गर्न लगाउने प्रवृत्तिले बजेट खर्च उत्पादनमूलक नहुनुका साथै नयाँ नीति तथा कार्यक्रमको कार्यान्वियनमा समेत प्रभाव परेको देखीयो। अत यस प्रकारको बजेट व्यवस्थापनमा नियन्त्रण कायम हुनु पर्दछ।

क्र.स.	कार्यक्रमको नाम	भुक्तानी दिन बांकी रकम
१	वडा नं. १० नयनँ गाउ कृषक समूहको कृषि सामग्री खरीद	३०००००
२	विरुवा उत्पादन तथा वितरण कार्यक्रम	४०००००
३	वडा नं ८ ह्युमपाईप खरीद तथा जडान	४७०६४५
४	स्वचालित जल र वर्षा मापन यन्त्र खरीद	४९८३३०
५	कार्यालयका लागि ए सी खरीद तथा जडान	९९४४००
६	कृषि विकास शाखाको लागि ल्यापटप खरीद	९९८९२
७	ईलाका प्रशासन कार्यालयका लागि ईन्भर्टर खरीद तथा हस्तानान्तरण	१२००००
८	स्थानीय पाठ्यक्रम छपाई तथा वितरण	६६२४००
९	भानु र सरस्वती यूवा क्लब लाई खेलकुद सामग्री खरीद	३४१७१
१०	मेसिनरी औजार मर्मत तथा संचालन खर्च	९००००
११	विद्युतीय उपकरण तथा सामग्री खरीद	५९२९६
१२	शैक्षिक सामग्री खरीद तथा हस्तानान्तरण	५९८९०
१३	शैक्षिक सामग्री खरीद तथा हस्तानान्तरण	१९८००
१४	शैक्षिक सामग्री खरीद तथा हस्तानान्तरण	४५४९५
१५	टेण्डर सुचना प्रकाशन खर्च	९००२१
१६	वडा नं १ हुलाकी सडक मर्मत	८५६३५९
१७	वडा नं ५ भानु युवा क्लबको खेल मैदानको घर निर्माण	३०००००
१८	प्याराताल मा अधुरो भौतिक संरचना निर्माण	५०००००
१९	वडा नं ९ वडा कार्यालय देखी उत्तर सडक ग्रेभल	५५००००
२०	वडा नं ५ टिसिएन चौक देखी सुर्खेति चोक सम्म दुवै साईडको नाला पुरी माटो भरान	५०००००
		६६५०६९९

१५ बजेटमै तोकेर अनुदान

स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिगदर्शन, २०७४ मा स्थानीय तहले वजेट तर्जुमा गर्दा समाजका सबै वर्ग क्षेत्रको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषय समेतलाई ध्यान दिनुपर्ने उल्लेख छ। बजेटमा निर्धारित रकम खर्च गर्ने विधि खरिद कानून अनुसार हुने गर्दछ। पालिकाले यो वर्षको बजेटमा निम्नानुसार नाफामुलक संस्थालाई बजेट मै उल्लेख गरी अनुदान उपलव्ध गराएको अवस्था उचित देखिएन। नाफामुलक संस्थालाई बजेट मै तोकेर अनुदान दिने कार्यमा नियन्त्रण हुनुपर्दछ।साथै यस्ता खर्चको विवरण पालिकाले आफ्नो वेभसाइट मार्फत सार्वजनिक गरी पारदर्शिता समेत पवर्धन गर्नुपर्दछ।

क्र स	मिडीया संस्थाको नाम	बजेट रकम	भुक्तानी रकम
१	पुनर्वास सहकारी संस्था लिमिटेड	२०००००।००	२०००००।००

१६ योजना तर्जुमा तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार रू.१ लाख भन्दा साना १०२ योजनामा रू.७१ लाख ९४ हजार र रू.१ लाख देखि ५ लाख सम्मका १६८ योजनामा रू.४ करोड ५९ लाख ६८ हजार खर्च गरेको देखियो। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन।

विवरण	योजना संख्या	बजेट खर्च रु
रू.१ लाख सम्म	१०२	७१९४२७१
रु.१ देखि ५ लाख सम्म	१६८	४५९६८८२४
रु.५ देखि १० लाख सम्म	२३	१८८५१३८८
रु.१० देखि २० लाख सम्म	८	११०६३३६६
रु.२० देखि ५० लाख सम्म	१८	५२१०६७८१
रु.५० लाख देखि माथी	४	४६०७९१८९
जम्मा	३२३	१८१२६३८१९

१७ खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू.१८ करोड १२ लाख ६३ हजार पुँजीगत खर्च/खरिद तथा निर्माण कार्य गरेको देखियो। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नु पर्दछ।

१८ संचालन कार्यविधि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार शीत भण्डार तथा संग्राहालय निर्माणमा यो वर्ष रू.२२९६५९२७।०० खर्च भएको देखियो। तर भवनहरुको उपयोग र कार्यक्रम संचालन गर्ने कार्यविधि बनेको देखिएन। आवश्यक संचालन कार्यविधि बनाउनु पर्दछ।

क्र स	योजनाको नाम	पालिकाबाट भुक्तानी	साझेदारी
१	राना थारु संग्राहलय	९६९५२७।००	पालिकाबाट
२	शीत भण्डार	२१९९६४००।००	समपुरक अनुदानबाट निर्माणाधीन

१९ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिकप्रगतिस्थिति					
		शून्यप्रगति	१-२५%	२५-५०%	५०-७५%	७५-१००%	कुलखर्च
२२५२२	५०३	१०४	९	२९	५७	३०४	४१६०६८५०३
३११००	४१९	९६	३	४	२२	२९४	१८१२६३८१९
जम्मा	९२२	२००	१२	३३	७९	५९८	५९७३३२३२२

- पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार ९२२ कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगती हुने २०० योजना तथा कार्यक्रम छ। ७५ प्रतिशत भन्दा बढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या ५९८ रहेको छ।
- शुन्य प्रगती हासिल हुनुको कारण बजेट नै अर्को कार्यक्रम तथा योजनामा रकमान्तर गरी लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वयन नगरेको कारण शुन्य प्रगति भएको देखिन्छ ।
- ९२२ योजना मध्ये ७२२ योजना तथा कार्यक्रममा रू.५९ करोड ७३ लाख ३२ हजार खर्च गरेको छ।

लक्ष्य अनुसारको प्रगती हासिल गर्न पालिकाको ध्यान दिनुपर्छ ।

२० आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्षको अन्त्यमा एक पटक गरेको देखियो। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

२१ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४४ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

अनुदान	निकाय	प्राप्त रकम	खर्च	बाँकि	जम्मा फिर्ता रकम
संघिय	शसर्त चालु	२४३८८२०००	२२८१७३७३९	१५७०८२६१	१५७०८२६१
	शसर्त पुँजीगत	२२४०००००	२००९६७८०	२३०३२२०	२३०३२२०
	विषेश पुँजीगत	५७००५१०	५२१७६७८	४८२८३२	४८२८३२
	समपुरक पुँजीगत	३५६४४१०	३४७३००४	९१४०६	९१४०६
	जम्मा	२७५५४६९२०	२५६९६१२०१	१८५८५७१९	१८५८५७१९
प्रदेश	शसर्त चालु	३५००००	२७४६०३	७५३९७	७५३९७
	शसर्त पुँजीगत	१२०००००	१०४०८२०	१५९१८०	१५९१८०
	विषेश पुँजीगत	२४०७४०७	२३४६३०२	६११०५	६११०५
	समपुरक पुँजीगत	२७८२५१९	२०३०५५७	७५१९६२	७५१९६२
	जम्मा	६७३९९२६	५६९२२८२	१०४७६४४	१०४७६४४
कुल जम्मा		२८२२८६८४६	२६२६५३४८३	१९६३३३६३	१९६३३३६३

२२ **अनुदानको अनुगमन**

समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा न ११ र सुदूर पश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को बुदा नं. १२ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ।

क्र स	**स्रोत**	**संचालित योजनाहरु**	**बजेट खर्च**
१	संघीय समपुरक अनुदान	तारा गिरी चोक देखि पश्चिम १ न. वाडा कार्यालय जाने सडक कालोपत्रे	६९४६००९
२	संघीय बिशेष अनुदान	दोदा नदि तटबन्धन	५०६९०७८
३	प्रदेस समपुरक अनुदान	वडा न ५ सिमरीचोक देखि पश्चिम पश्चिम वडा न २ दशरथ वस्ती हुदै कालोपत्रे	२७१०५५६
४	प्रदेश विशेष अनुदान	मित्रलाल अर्यालको घर देखि दयाराम रानाको चोक सम्म सडक कालोपत्रे	२५४६३१२

२३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।

स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२४ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम प्रवाह गरेका सेवाको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउनु पर्दछ।

विवरण	**जम्मा**
स्वीकृत घरनक्सा दर्ता पास	विवरण प्राप्त नभएको
पञ्जिकरणतर्फ	
जन्मदर्ता	१८६८
मृत्युदर्ता	४५०
बसाईसराई दर्ता	१३३८
विवाह दर्ता	५०७९
सम्बन्धविच्छेद दर्ता	३१
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	२.५ कि.मि.
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	३५ कि.मि.
ग्राभेल सडक मर्मत	५ कि.मि.

२५ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३७ र यो वर्ष थप भएको १३४ गरी कुल १७१ विवाद दर्ता भएकोमा ११६ वटा फर्स्यौट भई ५५ बाँकी देखिन्छ। पालिकाले न्यायिक कार्य सम्पादन गर्नेका लागि रू.४९१०५० खर्च गरेको छ। अर्थात एउटा विवाद समाधान तथा फछर्यौट गर्नका लागि रू.४२३३.१८ खर्च भएको छ। न्यायिक समितिमा मुद्धा किनारा तथा निरूपण गरेवापत न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीलाई प्रत्येक बैठकमा प्रति व्यक्ति रू.१००० का दरले दिने निर्णय गरेको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

गत आ.व सम्म फछ्र्यौट नभएको विवाद संख्या	यो आ.व मा दर्ता भएको विवाद संख्या	यो आ.व. मा कुल फछ्र्यौट भएको विवाद संख्या	कुल फछ्र्यौट बाँकी विवाद
३७	१३४	११६	५५

२६ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३८ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गर्नका लागि एस पि टेक्रिकल एण्ड म्यानेजमेन्ट प्रा.लि.लाई रू ४९८३३० भुक्तानि गरेको छ। उक्त परामर्शदाताले तयार पारेको प्रतिवेदनमा २९ वटा सहकारी राम्रो अवस्थामा र ९ वटा कमजोर अवस्थामा रहेको हुनाले ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी कार्यान्वयन गर्नु पर्छ।

२७ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले उल्लिखित कानुनी व्यवस्था बमोजिम सार्वजनिक परीक्षण भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२८ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणालीको परीक्षण सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययिता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो किसिमको कार्यविधि बनाएको देखिएन।
- पालिका प्रमुखले ३ दिनभन्दा बढी अवधिको भ्रमण आदेश कार्यपालिकाको वैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको देखियो।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्नेमा त्यस्तो अनुगमन गरेको देखिएन।
- निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख गरेको देखिएन
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनको व्यवस्था बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरी बजेट व्यवस्थापन गरेको देखिएन।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवाप्रवाह सुदृढ बनाउनु पर्दछ।

२९ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

३० म्याद नाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायका व्यक्ति तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रू.१४७५३३०१।०० बाँकी रहेको देखिन्छ। म्याद नाघेको फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नु पर्दछ।

सि.नं.	पेश्की लिने व्यक्ति/ संस्था	विवरण	म्याद नाघेको	
			चालु आ.व.को	गत आ.व.को
१	राज बहादुर राना	बिमा तथा नवीकरण खर्च	२९३६००.	
२	राज बहादुर राना	पानी तथा बिजुली	५९२७०१.	
३	जुगल बिल्डर्स कम्पनी प्रा.लि.	शित भण्डार निर्माण		३६०००००.
४	जुगल बिल्डर्स कम्पनी प्रा.लि.	शित भण्डार निर्माण (संघ समपुरक)		३६०००००.
५	जुगल बिल्डर्स कम्पनी प्रा.लि.	शित भण्डार निर्माण (संघीय समपुरक कोषका लागि)	३५०००००.	
६	एस.वि. कन्स्ट्रक्सन	वडा नं १० र ११ को लागि बर्थिङ सेन्टर सहितको स्वास्थ्य चौकी निर्माण	१६७०००.	
७	टि.एस.एन. -टाइगर -सगरमाथा जे.भी.	वडा नं. ५ सिमरी चोक देखी पश्चिम वडा नं. २ दशरथबस्ती अमरैया हुदै वडा नं. १ ढक्का पृथम रानाको चोक सडक कालोपत्रे (प्रदेश समपुरक कोष का लागि)	२८०००००.	
८	जिल्ला समन्वय समितिको कार्यालय महेन्द्रनगर	जिल्ला समन्वय समितिलाइ दिनु पर्ने २०७८ बैशाख ८ र पौष ५ को निर्णय नं १९ अनुसार		२०००००.
	जम्मा		७३५३३०१	७४०००००

पेश्की	१,४७,५३,३०१

३१ **आन्तरिक लेखापरीक्षणको पालना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ मा आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनु अघावै फर्स्यौट हुनुपर्ने व्यवस्था छ। पालिकाको लेखापरीक्षणबाट निम्नानुसार आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फर्स्यौट भएको देखिएन। नियमावलीको व्यवस्थाको पालना हुनुपर्दछ।

३१.१ वडा न ९ वडा कार्यालयका लागि डिका कम्प्युटर्स एण्ड सप्लायर्सबाट एसी खरिद गरी भौन १६०।२०८१।१।१६ बाट भुक्तानी गरिएकोमा कर चुक्ता प्रमाण पेश नगरिएको।

३१.२ सवारी साधन मर्मत शीर्षकमा भौ न ८७२।२०८१।३।१८ बाट भुक्तानी भएको सम्बन्धित फर्मको करचुक्ता प्रमाण पत्र पेश नगरिएको।

३१.३ कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाई निरन्तरता कार्यक्रम अन्तर्गत भएको भुक्तानीमा आवश्यकता भन्दा बढि प्रश्नपत्र छपाई भएको देखियो। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

३१.४ रोजगारी सृजना बजेट शीर्षक मार्फत रोजगार शाखाबाट वडा न ४ मा विभिन्न योजना सम्पन्न गरेको पाइएको छ। तर स्थानीय तहको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ बमोजिम उपभोक्ता समिति गठन गर्दा निम्नानुसार उपभोक्ता समितिमा एक व्यक्ति एक भन्दा बढि समितिको सदस्य हुन नपाउने व्यवस्था रहकेको छ। कार्यविधिको कार्यन्वयन हुनुपर्दछ।

क्र स	उपभोक्ता समितिको नाम
१	कमला सुनारको घर देखि खनालको घर सम्म नँया बाटो निर्माण
२	तिमिल्सेना वारी देखि खड्काको घर सम्म नँया बाटो निर्माण
३	ईर्मा रावलको घर देखि तिमिल्सेना चोक सम्मको नयाँबाटो निर्माण

३२ **औषधि खरिद**

औषधि भ्याक्सिन तथा साधनहरुका लागि एकिकृत आपूर्ति श्रृङ्खला व्यवस्थापन निर्देशिका, २०७३ मा औषधि तथा औषधिजन्य सामाग्रीहरुको म्याद गुज्रने, खेर जाने, र चुहावट हुने जस्ता कार्यलाई न्यूनिकरण गरी सार्वजनिक स्रोतको महत्तम उपयोग गर्नुपर्ने उल्लेख छ।त्यसै गरी स्वास्थ्य सेवा विभागबाट जारी औषधिजन्य मालसामान तथा आपूर्ति व्यवस्थापन सहजिकरण पुस्तिका, २०७४ मा स्वास्थ्य ईकाईहरुमा आगामी आर्थिक वर्षमा आवश्यक औषधिजन्य मालसामानको नाम र परिमाण विवरण संकलन गरी खेर नजाने र निरन्तर आपुर्ति हुने गरी औषधि खरिदको तयारी गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष निम्नानुसार रू.५६९४४९०।०० को निम्नानुसार विभिन्न फर्मबाट औषधि तथा औषधिजन्य सामाग्री खरिद भएकोमा देखिएको व्यहोराहरु निम्नानुसार छन।औषधिको अभिलेख व्यवस्थापनमा सुधार हुनुपर्दछ।

- आपूर्ति हुने औषधि वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख नगरेको।
- कम्तिमा १८ महिनाको म्याद वाँकी हुनुपर्नेमा सो भन्दा कम अवधिको समेत प्राप्त गर्ने गरेको।
- गत वर्षको बाँकी, यो वर्ष खरिद उपयोग र बाँकीको आइटमगत दर र परिमाण खुल्ने विवरण लेखापरीणमा पेश नभएकोले औषधिको उपयोग विश्लेषण गर्न सकिएन।

भौ न मिति	औषधी आपुर्तिकर्ता	औषधी खरिद रकम
११/०८०-०६-२९	योमन मेडिसेल्स (सशर्त)	४९९३५०
२८/०८०-०९-२४	रौलाकेदार मेडिसिन सप्लायर्स (सशर्त)	२१२९५६
१४७/०८१-०३-०६	सुविसु मेडिसिन सप्लायर्स (सशर्त)	९९०३०
१४८/०८०-०३-०९	कफालसैनी मेडिसिन सप्लायर्स (सशर्त)	६४९७१८
३/०८०-०६-२९	सुप मेडि सप्लायर्स (पालिका)	९९६००
२०/०८०-०८-२८	डि.आर. सर्जिकल (पालिका)	९९९१४८
७२/०८०-१२-१५	तारागंगा मेडिसिन सप्लायर्स (पालिका)	४९९४२५
७५/०८१-०२-१३	रौलाकेदार मेडिसिन सप्लायर्स (e-bid)	१०३५२४२
	(पालिका)	
१०२/०८१-०३-१९	न्यू ओशियन ट्रेडर्स (पालिका)	६००५७८
११०/०८१-०३-२३	गोदावरी मेडिसिन सप्लायर्स (दर रेट) (पालिका)	८९९९३३
११३/०८१-०३-२३	अपि सैपाल ट्रेड एण्ड सप्लायर्स (पालिका)	९९५१०
	जम्मा	५६९४४९०

३३ **स्वास्थ्य कार्यक्रम सञ्चालन**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक बर्ष २०८०/०८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने कार्यक्रमका जारी कार्यक्रम सञ्चालन मार्गदर्शनमा कार्यक्रम संचालन प्रक्रीया उल्लेख छ। जसमा संचालित कार्यक्रमको नियमित अनुगमन गरी प्रतिवेदन गर्नुपर्ने उल्लेख छ।पालिकाले यो वर्ष स्वास्थ क्षेत्र अन्तर्गत संघीय सशर्त अनुदानबाट निम्नानुसार रू.४५०२८९०।०० खर्च गरेकोमा मार्गदर्शनले निर्देशित गरेबमोजिम अनुगमन, मुल्याङ्कन तथा नियमित प्रतिवेदन तयार हुने गरेको देखिदैन। अत पालिकाले स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीताको लागि हरेक कार्यक्रमहरुको ब्रेकडाउन गरी सोहि अनुरुप कार्यक्रम कार्यान्वयनलाई अनिवार्यता गर्ने कार्यक्रमका सबै क्रियाकलापहरु सम्पन्न गर्ने तथा कार्याविधिले भने बमोजिम अनुगमन गरी प्रतिवेदन गर्ने गर्नु पर्दछ।

क्र.सं.	कार्यक्रमको नाम	खर्च
१	स्थलगत अन्तराष्ट्रिय सिमानाकामा रहेका हेल्थडेस्कहरुको कार्यासंचालन, भईपरि आउने (transport, communication, water bill,internet, maintenances)	३३५५७०
२	स्थानीय तहको साझेदारीमा कोभिड १९ विरुद्ध खिप अभियान तथा वुस्टर खोप समेत संचालनको पालिका, वडा बाट खोप केन्द्र स्तरमा सुपरिवेक्षण तथा दादुरा रुवेला खोप अभियान संचालन एवं व्यवस्थापनको लागि पालिका तथा वडा खोप समितिको अभिमुखिकरण र योजना गोष्ठी	१४७०५०
३	स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यक्रम ९अभिमुखिकरण, समिक्षा, फलो अप, अनुगमन तथा सुदृढिकरण०	५८९५०
४	प्रजनन् रुग्णता स्वास्थ्य सेवा	१९१६८६
५	राष्ट्रिय महिला स्वास्थ्य स्वयम् सेविका कार्यक्रम(पोशाक प्रोत्साहन, यातायात खर्च,समिक्षा सम्मान जनक विदाई तथा दिवस मनाउने खर्च	२७५४०००
६	नियमित खोप सुदृढिकरण , पुर्ण खोप सुनिश्चितता र दिगोपना,एफ.आईं.पि.भि.खोप अभियान,खोप वाट वचाउन सकिने रोग हरुको निगरानी,नमुना संकलन तथा व्यवस्थापन, सरसफाई प्रबर्धन कार्यक्रमको समिक्षा र शुक्ष्म योजना अद्यावधिक का लागि १ दिने गोष्ठी,पुर्णखोप वडा पालिकाका सुनिश्चितता का लागि खोप समन्वय समिति तथा जन प्रतीनिधि हरुका अभिमुखिकरण , वडामा घरधुरी सर्वेक्षण वडा भेरिफिकेशन अनुगमन र प्रमाणिकरणको लागी व्यवस्थापन खर्च ।	४००००
७	पोषण विशेष कार्यक्रम	३०७४९३
८	स्थानिय तह मार्फत मातृ तथा नवशिषु कार्यक्रम संचालन ।	१२३८१०
९	असक्त दिर्घरोगि हरुलाई घरदैलो स्वास्थ्य उपचार तथा उपचारात्मक कार्यक्रम	५४४३३१
	जम्मा	४५०२८९०

३४ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर स्थानीय तहले उक्त प्रक्रियावेगर रू.१७,७४,०००।०० औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।
- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।
- औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३५ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २८९३ जना रहेका छन। पालिकाले यो वर्ष १८००० थान स्यानिटरी प्याड रू. ५५।३७ का दरले रू.९९६६६०।०० (मु.अ.कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी बर्षान्तमा ५०४ प्याकेट मौज्दात रहने गरी स्यानिटरी प्याड खरिद गरेको देखियो। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ। मौज्दातमा रहेको प्याडहरु समयमै उपयोग गर्नुपर्दछ।

छात्राको संख्या	खरिद परिणाम (प्याकेट)	दर रु.	बितरणको भरपाई (प्याकेट)	मौज्दात परिणाम (प्याकेट)
२८९३	१८०००	५५।३७	१७४९६	३२०

३६ **दिवा खाजा**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८०।८१ को लागि जारी गरेको कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप न. २.७.११.१ मा दिवा खाजाको लागि स्थानीय तहले विद्यालयलाई रकम निकासा गर्दा पहिलो त्रैमासिकको लागि प्रति विद्यार्थी वार्षिक १८० दिन उपस्थित हुने आधारमा रकम निकासा गर्ने र दोस्रो त्रैमासिक देखि भौतिक रुपमा पूरा समय चलेको दिन(परीक्षामा सामेल भएको दिन समेत) खाजा उपलव्ध गराएका विद्यालयको प्रधानाध्यापक र वि.व्य.स अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भई अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित भएपश्चात मात्र थप रकम निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार ३२ विद्यालयको लागि रु रू.८३१०३९०।०० दिवा खाजा वापत विद्यालयहरुलाई रकम निकासा गरेको छ। कार्यक्रम कार्यान्वियन पुस्तिकामा भएको व्यवस्था अनुसार प्रमाणित हाजिरी विवरण सम्बन्धमा पालिकाबाट एकिन गरी दिवा खाजा वापतको खर्चको उपयोगिता बढाउनु पर्दछ।

सि नं	विद्यालयको नाम	बालविकास देखि पाँच कक्षा सम्म अध्ययनरत विद्यार्थी संख्या	पहिलो त्रैमासिकमा भएको निकासा	दोस्रो त्रैमासिकमा भएको निकासा	तेस्रो त्रैमासिकमा भएको निकासा	चौथो त्रैमासिकमा निकासा भएको	जम्मा
१	श्री विजय मावि भिमविकासवस्ती	१९२	५५०५०	२७६९०	१०१८३५	१२४५९०	३०९१६५
२	श्री राष्ट्रिय मावि अमरवस्ती	२१५	७९७८५	४५५४०	१०९४८५	१९९१८५	४३३९९५
३	श्री अलंकार आवि विकासवस्ती	१४५	४८७२०	२६०८५	९१३६५	१४९६७०	३१५८४०
४	श्री पशुपती आवि भीमवस्ती	११२	४१३८५	०	१०९५००	१०४९४०	२५५८२५
५	श्री सरस्वती मावि मोतिवस्ती	१४७	५२६६५	३३४६५	६५८८०	१५९०७५	३११०८५
६	श्री जनकल्याण मावि आइबीआरडी	७२	१७०८५	१२१९५	३०५२५	५६५५०	११६३५५
७	श्री रामबुद्ध मावि पुरैना	६१	१७५८०	१०२३०	२२९५०	४६६९५	९७४५५
८	श्री अरनिको आवि अरनिकोवस्ती	१०५	३८८३५	२१४०५	६४४४०	८८१८५	२१२८६५
९	श्री गोरखा आवि रामबस्ती	६३	२६७६०	११२९५	४८१९५	५३३४०	१३९५९०
१०	श्री शान्ती मावि अंशुवर्मावस्ती	६८	२०५९५	१२५४०	४३८१५	५२२६०	१२९२१०
११	श्री जनशक्ती आवि बलभद्रवस्ती	२६७	१०२२२५	५३५८०	१४३५६५	२७६०७५	५७५४४५
१२	श्री ऐश्वर्य आवि अमरैया	११७	४९०६५	२७३३०	९७६०५	१११९५०	२८५१५०
१३	श्री मालिका आवि महेन्द्रवस्ती	४६	१३७७०	०	२३६२५	२८६५०	६६०४५
१४	श्री सरस्वती आवि ढक्का	१६५	६९३४५	३७०५०	१८१५६०	१००९९५	३८८९५०
१५	श्री बागीश्वरी मावि पृथ्वीवस्ती	१४१	४५१३५	२५०२०	८०७९०	१०५३००	२५६२४५
१६	श्री राष्ट्रिय मावि बिचफाँटा	१३६	४४८३५	२१४५०	६९७६५	८६२६५	२२२३१५
१७	श्री बालबागेश्वरी मावि बुद्धवस्ती	७२	०	०	११०५९५	४२५५५	१५३१५०
१८	श्री जीवनशक्ती	२१४	८५७५५	४८२५५	१३०५००	२१४९०५	४७९४१५

	आवि सीतावस्ती						
१९	श्री सरस्वती आवि खड्डा	७६	२३४४५	०	५५२७५	५१६९०	१३०४१०
२०	श्री राष्ट्रिय आवि परासन	१०२	४९८९०	२४२१०	८४४८०	९८३४०	२५६९२०
२१	श्री कृष्ण आवि कंकड	७७	१७१७५	३४६६५	६१८६०	७०७७०	१८४४७०
२२	श्री दिपशिखर आवि विचफाँटा	११३	४६६२०	२८८४५	६६१०५	११९७४५	२६१३१५
२३	श्री नवदुर्गा आवि मोतियाफाँटा	१००	४२४६५	२४१५०	८६४१५	९६४८०	२४९५१०
२४	श्री पुनर्वास जनता मावि त्रिभुवनवस्ती	२१०	८६८६५	०	२००३७०	२१८४४५	५०५६८०
२५	श्री गौरीशंकर मावि भानुवस्ती	१८४	५७७०५	३३७५०	१०३२७५	१२०६००	३१५३३०
२६	श्री दुर्गा मावि जनकवस्ती	१९८	३२६४०	७०५४५	१२४१७०	१५०२५५	३७७६१०
२७	श्री जीवनज्योती मावि त्रिभुवनवस्ती	१८७	३१६६५	६४५९०	११५५३०	१५११८५	३६२९७०
२८	श्री चन्द्रवाल आवि सिमरी	७५	३१५३०	१८०३०	४३०३५	९६४८०	१८९०७५
२९	श्री महाकाली आवि कोटिहोम	२१	१०३२०	५८५०	२०५५०	२२०९५	५८८१५
३०	श्री मदन आश्रित स्मृती आवि मदनटोल	९९	४५१२०	०	७७५८०	८४८२५	२०७५२५
३१	श्री बालजागृती आवि त्रिभुवनवस्ती	१२७	४६२९०	२७५७०	६५०२५	१३४५२०	२७३४०५
३२	श्री नमूना रामजी आवि जनकवस्ती	९५	३०९००	०	६४५१५	९३८४०	१८९२५५
कूल जम्मा		४००२	१३६१२२०	७४५३३५	२६९४१८०	३५०९६५५	८३१०३९०

३७ **करार शिक्षकको तलव भत्ता**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वियन पुस्तिकाको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने

व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। पालिकाले दरबन्दी स्वीकृत नगरी निम्नानुसार विद्यालयहरुमा १७ शिक्षक करारमा नियुक्त गरी यो वर्ष समानीकरण अनुदान / राजस्व बाँडफाट स्रोतबाट रू. ३४२००००।०० तलब भत्ता वापत भुक्तानी गरेको देखियो। कार्यबोझ र पालिकाको आफ्नो आयको आकार समेतको आधारमा विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ। यो वर्ष पालिका अनुदानमा कार्यरत शिक्षक र विद्यालयमा रहेको शिक्षक विद्यर्थीको अनुपातको विवरण निम्नानुसार छन।

क्र स	विद्यालयको नाम	कुल विद्यार्थी संख्या	जम्मा कार्यरत शिक्षक संख्या	पालिका अनुदानमा कार्यरत नगर शिक्षक संख्या	प्रति विद्यार्थी शिक्षक	निकासा भएको रकम
१	राष्ट्रिय मावि अमरवस्ती	६०२	१२	१	५०	१८००००
२	सरस्वती मावि मोतिवस्ती	९१४	१४	१	६५	१८००००
३	जनकल्याणमावि आइबीआरडी	३५२	१३	१	२७	१८००००
४	जनशक्ती आवि बलभद्रवस्ती	३६७	८	१	४६	१८००००
५	सरस्वती आवि ढक्का	२५८	७	१	३७	१८००००
६	बागीश्वरी मावि पृथ्वीवस्ती	७०२	१५	१	४७	१८००००
७	जीवनशक्ती आवि सीतावस्ती	३९२	७	१	५६	१८००००
८	राष्ट्रिय आवि परासन	१०२	४	१	२६	१८००००
९	दिपशिखर आवि बिचफाटा	११३	३	१	३८	१८००००
१०	बालजागृति आवि त्रिभुवनवस्ती	१२७	३	१	४२	१८००००
११	जीवनज्योति मावि त्रिभुवनवस्ती	४३८	१३	१	३४	१८००००
१२	अरनिको आवि अरनिकोवस्ती	१६२	७	१	२३	१८००००
१३	शान्ति मावि अंशुवर्मावस्ती	१५७	९	१	१७	१८००००
१४	श्री विजय मावि विकासभिमवस्ती	७२५	१६	१	४५	२७००००
१५	श्री अलंकार आवि विकासवस्ती	१४५	५	१	२९	२७००००
१६	श्री राष्ट्रिय मावि अमरवस्ती	६०२	१२	१	५०	२७००००
१७	श्री जीवनज्योति मावि त्रिभुवनवस्ती	४३८	१३	१	३४	२७००००
कुल जम्मा		६५९६	१६१	१७	४१	३४२००००

३८ **प्रति विद्यार्थी लागत**

विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ३२ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा प्रति विद्यार्थी लागतको विवरण निम्नानुसार छन। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गतका निम्नानुसार ३२ सामुदायिक विद्यालय(वाल विकास केन्द्र समेत) लाई यो वर्ष कूल रू २० करोड ३३ लाख ४४ हजार (पालिका अनुदान समेत) चालु खर्चको लागि भएको निकासाको आधारमा प्रति विद्यार्थी लागत निम्नानुसार देखियो। प्राप्त विवरण अनुसार श्री महाकाली आवि कोटिहोमको प्रति विद्यार्थी लागत सबै भन्दा धेरै रू.८३०४८।०० र श्री सरस्वती मावि मोतिवस्तीको सबै भन्दा कम रू.१२०८८।०० देखिएको छ। प्रति विद्यार्थी लागतमा अस्वभाविक भिन्नता देखिनु मनासिव देखिदैन। धेरै प्रति विद्यार्थी लागत भएको विद्यालयलाई अन्य विद्यालयहरुमा समायोजन गर्न आवश्यक अध्ययन गर्नुपर्दछ।

क्र.सं.	विद्यालयको नाम	विद्यालयलाई भएको कुल चालु खर्च वाफतको निकासा रकम	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
१	श्री विजय मावि भिमविकासवस्ती	१२००३५१७	७२५	१६५५७
२	श्री राष्ट्रिय मावि अमरवस्ती	९१०७२१९	६०२	१५१२८
३	श्री अलंकार आवि विकासवस्ती	३६३५४३५	१४५	२५०७२
४	श्री पशुपती आवि भीमवस्ती	३०६३७२३	११२	२७३५५
५	श्री सरस्वती मावि मोतिवस्ती	११०४८१७२	९१४	१२०८८
६	श्री जनकल्याण मावि आइबीआरडी	८८१७८७५	३५२	२५०५१
७	श्री रामबुद्ध मावि पुरैना	६९४२१०६	१५०	४६२८१
८	श्री अरनिको आवि अरनिकोवस्ती	४७०७९२७	१६२	२९०६१
९	श्री गोरखा आवि रामबस्ती	४६०५८९९	७४	६२२४२
१०	श्री शान्ती मावि अंशुवर्मावस्ती	६२९२४६८	१५७	४००७९
११	श्री जनशक्ती आवि बलभद्रवस्ती	६०३७३०१	३६७	१६४५०
१२	श्री ऐश्वर्य आवि अमरैया	५०३५४३४	१९५	२५८२३
१३	श्री मालिका आवि महेन्द्रवस्ती	३५८६७२९	८५	४२१९७
१४	श्री सरस्वती आवि ढक्का	५०३६६६०	२५८	१९५२२
१५	श्री बागीश्वरी मावि पृथ्वीवस्ती	११६२१६६५	७०२	१६५५५
१६	श्री राष्ट्रिय मावि बिचफाँटा	६८११२७८	४३२	१५७६७
१७	श्री बालबागेश्वरी मावि बुद्धवस्ती	६९५१९९८	२२८	३०४९१
१८	श्री जीवनशक्ती आवि सीतावस्ती	५४४२७२५	३९२	१३८८५
१९	श्री सरस्वती आवि खड्डा	३३४०३९९	७६	४३९५३
२०	श्री राष्ट्रिय आवि परासन	२९३३००३	१०२	२८७५५
२१	श्री कृष्ण आवि कंकड	२१३२९०४	७७	२७७००
२२	श्री दिपशिखर आवि विचफाँटा	२६९७३१४	११३	२३८७०
२३	श्री नवदुर्गा आवि मोतियाफाँटा	२२३३६९९	१००	२२३३७
२४	श्री पुनर्वास जनता मावि त्रिभुवनवस्ती	१८४६१७८०	७७५	२३८२२
२५	श्री गौरीशंकर मावि भानुवस्ती	१४९२२३५६	६२४	२३९१४
२६	श्री दुर्गा मावि जनकवस्ती	११४१४६३४	६३२	१८०६१
२७	श्री जीवनज्योती मावि त्रिभुवनवस्ती	८९४२९३१	४३८	२०४१८
२८	श्री चन्द्रवाल आवि सिमरी	४८९९५०८	१६०	३०६२२
२९	श्री महाकाली आवि कोटिहोम	१७४४००९	२१	८३०४८
३०	श्री मदन आश्रित स्मृती आवि मदनटोल	३५६२७४७	१२१	२९४४४

३१	श्री बालजागृती आवि त्रिभुवनवस्ती	२७२७३६३	१२७	२१४७५
३२	श्री नमूना रामजी आवि जनकवस्ती	२५८४०७६	९५	२७२०१
कूल जम्मा		२०३३४४८५२	९५१३	२१३७५

३९ **शिक्षक दरवन्दी र पदपुर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३२ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी ३६६ र पदपुर्ति ३६६ रहेको छ। विद्यालयगत दरबन्दी र पदपुर्ति निम्नाअनुसार रहेको छ।

सि न	विद्यालयको नाम	शिक्षक दरबन्दी					पदपुर्ति				
		स्थायी	राहत	करार	निजी	जम्मा	स्थायी	राहत	करार	निजी	जम्मा
१	श्री विजय माध्यमिक विद्यालय भिमविकासवस्ती	९	६	२	२	१९	९	६	२	२	१९
२	राष्ट्रिय माध्यमिक विद्यालय अमरवस्ती	७	४	३	२	१६	७	४	३	२	१६
३	श्री अलंकार आधारभूत विद्यालय विकासवस्ती	२	३	२	१	८	२	३	२	१	८
४	श्री पशुपति आधारभूत विद्यालय भिमवस्ती	३	०	२	०	५	३	०	२	०	५
५	श्री सरस्वती माध्यमिक विद्यालय मोतिवस्ती	९	५	१	२	१७	९	५	१	२	१७
६	श्री जनकल्याण माध्यमिक विद्यालय आइ वि आर डी	६	७	१	२	१६	६	७	१	२	१६
७	श्री रामबुद्ध माध्यमिक विद्यालय पुरैना	५	६	१	२	१४	५	६	१	२	१४
८	श्री अरनिको आधारभूत विद्यालय अरनिकोवस्ती	५	२	१	१	९	५	२	१	१	९
९	श्री गोरखा आधारभूत विद्यालय रामवस्ती	३	४	२	१	१०	३	४	२	१	१०
१०	श्री शान्ति माध्यमिक विद्यालय अंशुबर्मावती	४	५	१	२	१२	४	५	१	२	१२
११	श्री जनशक्ति आधारभूत विद्यालय विरबलभद्रवस्ती	५	२	४	१	१२	५	२	४	१	१२
१२	श्री ऐश्वर्य आधारभूत विद्यालय अमरैया	४	३	१	१	९	४	३	१	१	९
१३	श्री मालिका आधारभूत विद्यालय महेन्द्रवस्ती	४	१	१	१	७	४	१	१	१	७
१४	श्री सरस्वती आधारभूत विद्यालय ढक्का	३	४	२	१	१०	३	४	२	१	१०
१५	श्री बागिश्वरी माध्यमिक विद्यालय पृथ्वीवस्ती	१०	५	२	३	२०	१०	५	२	३	२०
१६	श्री राष्ट्रिय माध्यमिक विद्यालय बिचफाटा	३	७	४	२	१६	३	७	४	२	१६
१७	श्री बालबागेश्वरी माध्यमिक विद्यालय बुद्धवस्ती	४	६	२	२	१४	४	६	२	२	१४
१८	श्री जीवनशक्ति आधारभूत विद्यालय सितावस्ती	५	२	२	१	१०	५	२	२	१	१०
१९	श्री सरस्वती आधारभूत विद्यालय खड्डा	३	१	३	०	७	३	१	३	०	७
२०	श्री राष्ट्रिय आधारभूत विद्यालय परासन	१	३	१	१	६	१	३	१	१	६
२१	श्री कृष्ण आधारभूत विद्यालय कंकड	१	२	१	०	४	१	२	१	०	४
२२	श्री दिपशिखर आधारभूत विद्यालय बिचफाटा	१	२	२	१	६	१	२	२	१	६
२३	श्री नवदुर्गा आधारभूत विद्यालय मोतियाफाटा	१	१	२	१	५	१	१	२	१	५
२४	श्री पुनर्वास जनता माध्यमिक विद्यालय त्रिभुवनवस्ती	१३	४	२	२	२१	१३	४	२	२	२१
२५	श्री गौरीशंकर माध्यमिक विद्यालय भानुवस्ती	९	११	३	२	२५	९	११	३	२	२५
२६	श्री दुर्गा माध्यमिक विद्यालय जनकवस्ती	९	७	२	२	२०	९	७	२	२	२०
२७	श्री जीवन ज्योति माध्यमिक विद्यालय त्रिभुवनवस्ती	५	६	२	२	१५	५	६	२	२	१५
२८	श्री चन्द्रवाल आधारभूत विद्यालय सिमरी	५	२	१	१	९	५	२	१	१	९
२९	श्री महाकाली आधारभूत विद्यालय कोटिहोम	२	०	१	०	३	२	०	१	०	३

३०	श्री मदनआश्रित स्मृति आधारभूत विद्यालय मदनटोल	०	५	३	१	९	०	५	३	१	९
३१	श्री बालजागृति आधारभूत विद्यालय त्रिभुवनवस्ती	१	२	२	१	६	१	२	२	१	६
३२	श्री नमुना रामजी आधारभूत विद्यालय जनकवस्ती	२	१	२	१	६	२	१	२	१	६
जम्मा		१४४	११९	६१	४२	३६६	१४४	११९	६१	४२	३६६

४० **सिकाई केन्द्रलाई अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी आर्थिक वर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वियन पुस्तिकाको कार्यक्रम न २.७.१३.११ मा सामुदायिक सिकाई केन्द्रहरुलाई अनुदान उपलव्ध गराउन सकिने मापदण्ड अन्तर्गत वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट तथा कार्यक्रम पेश भएको, गत आ व को खर्च स्वीकृत भएको, लेखापरीक्षण गरि प्रतिवेदन पेश गरेको, शैक्षिक सूचना व्यवस्थापन प्रणाली NFE EMIS भरेको, सिकाई केन्द्रको व्यवस्थापन समितिको निर्णय अनुसार परिचालकको हाजिरी प्रमाणित अभिलेख पेश गरेको हुनुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष निम्नानुसार सिकाई केन्द्रहलाई रू.१३००००।०० का दरले अनुदान उपलव्ध गराएकोमा कार्यान्वियन पुस्तिकाले व्यवस्था गरे अनुसारको कागजातहरु पेश भएको देखिएन। तसर्थ उल्लिखित कागजातहरु पेश गर्नुपर्दछ।

क्र स	सिकाइ केन्द्रको नाम	रकम
१	जीवनशक्ति सामुदायिक सिकाइ केन्द्र	१३००००

प्रमाण पेश नगरेको	१,३०,०००

४१ **शैक्षिक गुणस्तर**

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्थागरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरीलागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

४२ **छात्रवृत्ति सहायता सार्वजनिकिकरण**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

४३ **ल्याव स्थापना**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणाली र विज्ञान प्रयोगशालाको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ। सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरिने विज्ञान प्रयोगशालाका सामग्रीहरु र कम्प्युटर तथा सूचना प्रविधिजन्य उपकरणहरुको स्ट्याण्डर्ड र स्पेसिफिकेशन हुनु पर्दछ। यस पालिकाबाट संचालित यस कार्यक्रम अन्तर्गत निम्नानुसार विद्यालयहरुले खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनु पर्दछ।

क्र स	विद्यालयको नाम	कार्यक्रम	निकासा रकम
१	श्री जीवनशक्ती आ वि सीतावस्ती	विज्ञान प्रयोगशाला	६५००००
२	श्री शान्ति मावि अंशुवर्मा वस्ती	विज्ञान प्रयोगशाला	६५००००
३	श्री सरस्वती मावि मोतिवस्ती	आइसीटी	६५००००
४	श्री चन्द्रवाल आवि सिमरी	आइसीटी	६४००००
५	श्री ऐश्वर्य आवि अमरैया	आइसीटी	६५००००

४४ **छात्रवृत्ति**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८०।८१ को लागि जारी गरेको कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप न. २.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुकोलागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ। त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार ३२ विद्यालयहरुलाई छात्रवृत्ति वापतको रू. १४८०८००।०० निकासा गरेको छ।छात्रवृत्ति रकमको यथार्थ उपयोग सम्बन्धमा पालिकाबाट आवश्यक अनुगमन हुनुपर्दछ।

क्र स	विद्यालयको नाम	छात्रा संख्या	दलित विद्यार्थी संख्या छात्र	छात्रवृती वाफत निकासा
१	श्री विजय मावि भिमविकासवस्ती	२०२	५१	१०१२००
२	श्री राष्ट्रिय मावि अमरवस्ती	२१६	६६	११२८००
३	श्री अलंकार आवि विकासवस्ती	४७	०	१८८००
४	श्री पशुपती आवि भीमवस्ती	५१	१०	२४४००
५	श्री सरस्वती मावि मोतिवस्ती	१३९	३९	७१२००
६	श्री जनकल्याण मावि आइबीआरडी	४७	९	२२४००
७	श्री रामबुद्ध मावि पुरैना	४४	३	१८८००
८	श्री अरनिको आवि अरनिकोवस्ती	६७	१५	३२८००
९	श्री गोरखा आवि रामबस्ती	१६	१	६८००
१०	श्री शान्ती मावि अंशुवर्मावस्ती	४९	१८	२६८००
११	श्री जनशक्ती आवि बलभद्रवस्ती	११२	४६	६३२००
१२	श्री ऐश्वर्य आवि अमरैया	९३	१६	४३६००
१३	श्री मालिका आवि महेन्द्रवस्ती	३५	०	१४०००
१४	श्री सरस्वती आवि ढक्का	१२०	१०	५२०००
१५	श्री बागीश्वरी मावि पृथ्वीवस्ती	१५८	४२	८००००
१६	श्री राष्ट्रिय मावि बिचफाँटा	१५१	४२	७७२००
१७	श्री बालबागेश्वरी मावि बुद्धवस्ती	९०	२	३६८००
१८	श्री जीवनशक्ती आवि सीतावस्ती	२१६	८४	१२००००
१९	श्री सरस्वती आवि खड्डा	२४	४	११२००
२०	श्री राष्ट्रिय आवि परासन	३६	०	१४४००
२१	श्री कृष्ण आवि कंकड	२७	१	११२००
२२	श्री दिपशिखर आवि विचफाँटा	३७	३६	२९२००
२३	श्री नवदुर्गा आवि मोतियाफाँटा	३८	३५	२९२००
२४	श्री पुनर्वास जनता मावि त्रिभुवनवस्ती	२१०	२३	९३२००
२५	श्री गौरीशंकर मावि भानुवस्ती	१६१	३३	७७६००
२६	श्री दुर्गा मावि जनकवस्ती	१३१	६४	७८०००
२७	श्री जीवनज्योती मावि त्रिभुवनवस्ती	१५२	९६	९९२००
२८	श्री चन्द्रवाल आवि सिमरी	१०५	२	४२८००
२९	श्री महाकाली आवि कोटिहोम	६	२	३२००
३०	श्री मदन आश्रित स्मृती आवि मदनटोल	५१	१०	२४४००

३१	श्री बालजागृती आवि त्रिभुवनवस्ती	४०	३३	२९२००
३२	श्री नमूना रामजी आवि जनकवस्ती	२८	१०	१५२००
कुल निकासा		२८९९	८०३	१४८०८००

४५ **कृषि पकेट कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वियन म्यानुअल, २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने लगायतका व्यवस्था छन। पालिकाले यो वर्ष पकेट विकास कार्यक्रम अन्तर्गत तरकारी पकेट कार्यक्रममा निम्नानुसार ५० प्रतिशत अनुदानमा रू.१५७१३६४।०० खर्च गरेको देखियो। पालिकाले एकिकृत रूपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो। खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको सुनिश्चत हुन सकिएन।अत: कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।

क्र.स	पकेट कार्यक्रमको नाम	भुक्तानी पाउने कृषक समुहको नाम	भुक्तानी रकम
१	तरकारी पकेट बिकास निरन्तरता	आलु उत्पादन कृषक समुह, वाड न ८	४९७५००।००
२	मकै बाली प्रबर्दन	पुनर्वास मकै वाली प्रवर्दन संचालक समिति	८६३२५०।००
३	किसान सुचिकरण	-	२१०६१४।००
		जम्मा	१५७१३६४।००

४६ **गोठ सुधार**

प्रधान्मन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत स्थानीय तहमा विनियोजित सशर्त अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को १५.६ मा पकेट क्षेत्रमा गोठ सुधार कार्यक्रममा अनुदान प्रतिशत र अधिकतम सीमा निर्धारण गरिएको छ।जसमा गोठ सुधार कार्यक्रमको लागि प्रति गोठ रू.५०,०००।०० वा लागत अनुमानको ५०% ले जुन कम हुन्छ सोही बमोजिम अनुदान दिने व्यवस्था छ। पालिकाले मिति २०८१-०१-०४ गते निम्न फर्म तथा किसानसँग सम्झौता गरी कार्याविधिमा तोकिए भन्दा बढि भुक्तानी गरको छ। जुन बढि भुक्तानी रकमको सम्बन्धमा पालिकाबाट थप यकिन गरी सम्बन्धितबाट असुल गर्नुपर्दछ।

क्र.सं.	गो.भौ.नं. र मिति	फर्म/किसान	हुनुपर्ने भुक्तानी	भएको भुक्तानी	बढि भुक्तानी
१	१९२ र ४५/०८१-०३-२०	सुवेदी गाई फर्म (दशरथ शर्मा)	५००००।००	७६३८८।७०	२६३८८।७०
२	१९२ र ४५/०८१-०३-२०	न्यू नाथ ट्रेडर्स (सरिता गिरी)	५००००।००	१३७२०३।५०	८७२०३।५०
		जम्मा			११३५९२।२०

असुल गर्नुपर्ने	१,१३,५९२.२

४७ **अनुदान वितरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष साना सिचाई कार्यक्रम अन्तर्गत निम्नानुसार ११९ व्यक्ति तथा फर्महरुलाई समर्सिवल पम्प वितरण तथा जडान बापत कूल रू.१३६४४६६८।०० खर्च भएकोमा सोको पचास प्रतिशतले हुने रू.६८२२३३४।०० अनुदान उपलव्ध गराएको देखियो। यसरी रकम खर्च गर्दा अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको विधि पारदर्शी तथा स्पष्ट नीतिगत व्यवस्था तयार भएको देखिएन। पालिकाले

समर्सिवल बोरिङ पम्प वितरणको कार्यविधि कार्यान्वयनमा ल्याएको देखिएन। त्यसैगरी प्रदान गरिएका कृषि उपकरण तथा अनुदान रकमबाट परेको प्रभावको मूल्याङ्कन समेत गरेको अभिलेख पेश भएन। तसर्थ अनुदान वितरणको स्पष्ट कार्ययोजना, लक्षित गन्तव्य, अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको निश्चित र वस्तुगत मापदण्ड र प्रभावकारी अनुगमन संयन्त्र मार्फत कार्यक्रमको नियमित प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था गरी बजेट खर्चलाई नतिजामूखी बनाउनु पर्दछ। वितरित अनुदान रकम उपयोग गरी थप रोजगारी सृजना गरेको, राजश्वमा योगदान पुर्याएको, अनुदान रकमबाट अनुकरणीय व्यवसाय सञ्चालन गरी अन्य व्यक्ति वा समुदायलाई अनुदान पाए अनुसार सहुलियत दरमा सेवा प्रबाह गरिरहेको सुनिश्चितता गर्नुपर्दछ। साथै यस्ता खर्चको विवरण पालिकाले आफ्नो वेभसाइट मार्फत सार्वजनिक समेत गरी पारदर्शिता प्रवर्धन गर्नुपर्दछ।

कार्यक्रमको नाम	आवेदनसंख्या	स्वीकृतसंख्या	भुक्तानी	जम्माअनुदान रकम	जम्माखर्च
प्रदेशतर्फको साना सिचाई निर्माण तथा मर्मत	१३	१२	१२	१०४०८२०	२०८१६४०
पालिकाकोकृषि सिचाईको लागि समरसिवल वितरण वडा न २	१६	१६	१५	६९२९०६	१३८५८१२
५०प्रतिशत अनुदान कृषि कार्यक्रम पालिका	१५८	९४	९२	५०८८६०८	१०१७७२१६
जम्मा	१८७	१२२	११९	६८२२३३४	१३६४४६६८

४८ समर्सिवल पम्प खरिद

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष साना सिचाई कार्यक्रम अन्तर्गत विभिन्न ११९ व्यक्ति तथा फर्महरुलाई समर्सिवल पम्पसेट वितरण तथा जडान बापत कूल रू.१३६४४६६८।०० खर्च भएकोमा सोको पचास प्रतिशतले हुने रू.६८२२३३४।०० अनुदान उपलव्ध गराएको देखियो। पालिकाले सम्बन्धित कृषक समुहलाई अनुदान रकम उपलव्ध गराएकोमा सो साथ संलग्न स्रेस्ता कागजातबाट डि.पी. ईन्टरप्राइजेजबाट मात्रै रू.९११८४०९।००को बोरिङ पम्प तथा अन्य जडान सम्बन्धी सामाग्री खरिद भएको देखियो। तसर्थ सामान खरिद कार्य कृषक समुहबाट नगराई पालिकाबाट भएको भए खरिदमा प्रतिस्पर्धा समेत हुने र पम्पहरुमा तोकिएको प्राविधिक गुणस्तर निहित रहे नरहेको परीक्षण समेत हुने सम्भावना रहन्छ। खरिद गरिएका पम्पहरुमा निश्चित गुणस्तर रहेको सुनिश्चित हुनु पर्दछ।

४९ के वाइ सी अद्यावधिक

सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ। बैंकले पालिका बाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन। जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने भएकोले बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ।

५० अनुगमन तथा निरीक्षण

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ।

५१ पारदर्शिता

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त

गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

५२ **त्रैमासिक वितरण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ९ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रु. ५६४४८७३२।०० दोस्रो त्रैमासिकमा रु. ५७३७७५४८।०० तेस्रो त्रैमासिकमा रु. ५७८५३४२४।०० र चौथो त्रैमासिकमा रु. ५९११२०५१।०० समेत रु. २३०७९१७५५।०० निकासा गरेको छ।

वडामा भएको खर्च	पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौँथो त्रैमासिक	जम्मा खर्च
वडा : १	६१७०८६७	६२३७३७०	६३१७२१६	६५३५३२५	२५२६०७७८
वडा : २	६८२५४१४	६९७३५७३	७०५६४३५	७०९७२९१	२७९५२७१३
वडा : ३	१८५३१६८	१८७२१०४	१८६०६९५	१८७५७६१	७४६१७२८
वडा : ४	४३५२९९५	४४०३०१७	४४२९७९३	४५५६६००	१७७४२४०५
वडा : ५	७१७८६१३	७२६२४१०	७३२४८२१	७५३२१६८	२९२९८०१२
वडा : ६	५३३५८७८	५३६०५६६	५३९१८१८	५५०३६९४	२१५९१९५६
वडा : ७	२६८७६५६	२७४६३३६	२७४७६९६	२७८९०९६	१०९७०७८४
वडा : ८	४७७९७७०	४८८२२५०	४९०३४७०	५०२९४७५	१९५९४९६५
वडा : ९	७६७६८९८	७८७३४५१	७८६७५२६	८०५५५५९	३१४७३४३४
वडा : १०	४६७६९९०	४८१४९५९	४९४१२५८	५०५९९३०	१९४९३१३७
वडा : ११	४९१०४८३	४९५१५१२	५०१२६९६	५०७७१५२	१९९५१८४३
जम्मा	५६४४८७३२	५७३७७५४८	५७८५३४२४	५९११२०५१	२३०७९१७५५

५३ **वर्गगत सामाजिक सुरक्षा खर्च**

यस पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत यस बर्षमा विभिन्न बैँकबाट मात्र जम्मा रू.२३०७९१७५५ वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार छन।

सामाजिक सुरक्षा भत्ता पाउने समुह	कायम संङ्ख्या	वितरण गरेको संङ्ख्या	निकासा रकम	वितरण गरेको रकम	फिर्ता रकम
अन्य जेष्ठ नागरिक भत्ता	१२१५४	१२१३९	१४४५२४२६८	१४४४७५६४८	४८६२०
जेष्ठ नागरिक भत्ता (दलित)	२६९०	२६८८	२११२८७८४	२११२३४६४	५३२०
जेष्ठ नागरिक एकल महिला	१७८४	१७८३	१४१४६५८४	१४१४६४९५	८९
विधवा	४१७०	४१६७	३३००९५२३	३२९९०९०३	१८६२०
पूर्ण अपाङ्गता भत्ता	४०२	४०२	४७७६०३०	४७७६०३०	०
अति अशक्त अपाङ्गता भत्ता	११५७	११५६	७३०७१७४	७३००७९०	६३८४
दलित बालबालिका	३९२८	३९२०	५९८७४६९	५९७८४२५	९०४४
जम्मा	२६२८५	२६२५५	२३०८७९८३२	२३०७९१७५५	८८०७७

५४ प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा स्थायी ६५ र करार ११२ गरी १७५ दरबन्दी स्वीकृत रहेकोमा ५४ स्थायी र ११२ करारमा पद पूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, प्रशासन अधिकृत, सि.डि.ई. सहित ११ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

क्र.स.	स्वीकृत पद	संख्या	दरबन्दी				पदपूर्ति(आषाढ मसान्तको स्थिति)				रिक्त पद
			स्थायी	करार	जम्मा	संघबाट समायोजन भई आएको	साविक स्थानीयमा कार्यरत	लोक सेवाबाट पदपूर्ति मार्फत	आन्तरिक पदपूर्ति	करारबाट	
१	उप-सचिव नवौं	२	०	०	०	०	०	०	०	०	२
२	सि.डि.ई. नवौं	१	०	०	०	०	०	०	०	०	१
३	अधिकृत (प्रशासन) सातौ	१	०	०	०	०	०	०	०	०	१
४	मेडिकल अधिकृत	१	०	१	१	०	०	०	०	१	०
५	अधिकृत (शिक्षा) सातौ	१	१	०	१	०	०	१	०	०	०
६	लेखा अधिकृत	१	१	०	१	०	०	१	०	०	०
७	सुचना प्रविधि अधिकृत	१	०	१	१	०	०	०	०	१	०
८	रोजगार संयोजक	१	०	१	१	०	०	०	०	१	०
९	अधिकृत (पशु)	२	१	१	२	१	०	०	०	१	०
१०	अधिकृत (कृषि)	१	०	१	०	०	०	०	०	१	०
११	सहायक (प्रशासन) पाचौ	६	४	०	४	२	०	२	०	०	२
१२	ना.प्रा.स.(पशु) पाचौ	१	०	०	०	०	०	०	०	०	१
१३	ना.प्रा.स.(पशु) चौथो	०	०	५	५	०	०	०	०	५	०
१४	प्रा.स.(कृषि) पाचौ	२	२	०	२	०	०	२	०	०	०
१५	ना.प्रा.स.(कृषि) चौथो	१	१	०	१	०	०	१	०	०	०
१६	जन स्वास्थ अधिकृत सातौ	१	१	०	१	०	०	०	०	०	१
१७	अधिकृत(प्रशासन)	४	४	०	४	१	१	३	०	०	०
१८	सि.अ.हे.व.अधिकृत	१	१	०	१	०	०	१	०	०	०
१९	इन्जिनियर (वि.ए.आ.)	१	०	१	१	०	०	०	०	१	०
२०	इन्जिनियर(सिभिल जनरल)	१	१	०	१	०	०	१	०	०	०
२१	आ.ले.प. अधिकृत	१	१	०	१	०	०	०	०	०	१
२२	प.हे.न.(सि.अ.न.मी.)	१	१	०	१	०	०	१	०	०	०
२३	लेखापाल	१	१	०	१	०	०	१	०	०	०

२४	प्रा.स.(शिक्षा)	१	१	०	१	०	०	१	०	०	०
२५	सव-इन्जिनियर(सिभिल)	५	४	१	५	०	०	४	०	१	०
२६	इलेक्ट्रिसियन पाचौ	१	०	१	१	०	०	०	०	१	०
२७	आ.ले.प. (सहायक)	१	१	०	१	०	०	१	०	०	०
२८	रोजगार सहायक	१	०	१	१	०	०	०	०	१	०
२९	अ.सव.ई.	८	६	२	८	०	१	५	०	२	०
३०	महिला विकास निरीक्षक	१	१	०	१	१	०	०	०	०	०
३१	कम्प्युटर अपरेटर	१	१	२	३	०	०	१	०	२	०
३२	सर्भेक्षक	१	१	०	१	०	०	०	०	०	१
३३	सहायक कम्प्युटर अपरेटर	०	०	४	४	०	०	०	०	४	०
३४	अमिन	०	०	३	३	०	०	०	०	३	०
३५	सहायक (प्रशासन) चौथो	८	८	०	८	०	२	६	०	०	०
३६	स.ले.पा.	१	१	०	१	१	०	०	०	०	०
३७	सहायक महिला विकास निरीक्षक	१	१	०	१	०	०	१	०	०	०
३८	सि.अ.हे.व. / ज.स्वा.नि.	३	३	०	३	०	०	३	०	०	०
३९	हे.अ.	६	५	०	५	०	०	५	०	०	१
४०	अ.हे.व.	३	३	८	११	०	०	३	०	८	०
४१	अ.न.मी.	६	९	१०	१९	३	०	६	०	१०	०
४२	ल्याब.अ./ल्या.टे.	०	०	९	९	०	०	०	०	९	०
४३	एम्बुलेन्स चालक	०	०	२	२	०	०	०	०	२	०
४४	एम.आई.एस.अपरेटर	२	०	२	२	०	०	०	०	२	०
४५	फिल्ड सहायक	१	०	१	१	०	०	०	०	१	०
४६	उद्यम विकास सहजकर्ता पाचौँ	१	०	१	१	०	०	०	०	१	०
४७	उद्यम विकास सहजकर्ता चौथो	१	०	१	१	०	०	०	०	१	०
४८	नेत्र सहायक	०	०	१	१	०	०	०	०	१	०
४९	अप्टिकल डिस्पेन्चर	०	०	१	१	०	०	०	०	१	०

५०	तथ्यांक सहायक	०	०	१	१	०	०	०	०	१	०
५१	अभेङ्न्य कर्ता	०	०	१	१	०	०	०	०	१	०
५२	फुटवल प्रशिक्षक	०	०	१	१	०	०	०	०	१	०
५३	हेवी सवारी चालक	०	०	३	३	०	०	०	०	३	०
५४	हलुका सवारी चालक	०	०	४	४	०	०	०	०	४	०
५५	का.स.	०	०	३३	३३	०	०	०	०	३३	०
५६	स्वीपर	०		६	६	०	०	०	०	६	०
५७	चौकीदार	०	०	२	१	०	०	०	०	२	०
जम्मा		८६	६५	११२	१७५	९	४	५०	०	११२	११

५५ **वडा सचिवको पदपुर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरवन्दी र पदपुर्तिको अवस्था निम्नानुसार छन्। रिक्त वडा सचिवहरुको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

वडा संख्या	वडा सचिवको दरवन्दी	वडा सचिवको पदपुर्ति	रिक्त वडा सचिव
११	११	९	२

५६ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ। पालिकाले यो वर्ष कार्यालय सहयोगी, स्वास्थ्यकर्मी लगायत विभिन्न पदमा ११२ कर्मचारीहरु करारमा राखी रू.२९९२८५१७।०० खर्च लेखेको छ।उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएका देखिएनन। साथै प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो। कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ।

५७ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्वान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन र सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। पालिकाले यो वर्ष देहायका कर्मचारीलाई फिल्ड भत्ता वापत रू.८५२३१४।०० भुक्तानी भएको अवस्थामा उल्लिखित व्यवस्था अनुसार कार्यविधि तथा मापदण्ड नबनाई कार्यपालिकाको निर्णय सभाबाट पारित गरी खर्च लेखेको देखियो। निश्चित मापदण्ड र कार्यविधि बनाएर पालिकाको आन्तरिक स्रोत तथा कार्य बोझ समेतको विश्लेषण गरी कर्मचारीलाई प्रोत्साहत स्वरुप अतिरिक्त भुक्तानी गर्नु पर्दछ।

५८ **अवकास कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक श्रोतबाट कर्मचारी अवकास कोषमा रु.१०००००० ट्रान्सफर गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै

कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

५९ **पदाधिकारी सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यो वर्ष पदाधिकारी सुविधाको वापत रू.१२२०४५००।०० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू.३३५०५२६६।५९ रहेको छ।जुन आन्तरिक आयको ३६.४३ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

६० **भ्रमण खर्च र अभिलेख**

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मितिसमेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष रू.२१७३७०३।०० खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

६१ **घर भाडा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) रीत पुगे वा नपुगेको जाँच भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले स्वास्थ्य शाखाको स्टोर, र कार्यालय प्रयोजनका लागि घर भडामा लिई रू.१२३१२००।०० भुक्तानी भएको देखियो। भाडामा लिइएको भवन पालिकाले कार्यालय प्रयोजन कै लागि उपयोग भएको सुनिश्चित हुनुपर्दछ।

६२ **ईन्धन खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त पालिकामा देहाय अनुसारको सावारी साधान रहेकोमा निर्देशिकाले तोकिएको मापदण्ड अनुसार रू २८७४९५७।०० खर्च हुनु पर्नेमा स्थानीय तहको लेखा प्रणालीमा(सुत्रमा) इन्धन खर्च रू.४७५५०८७।०० देखियो। पालिकाले मापदण्ड भन्दा बढी रू १८८०१३०।०० को खर्च गरेको छ। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ। अतः मापदण्ड भन्दा बढि भएको खर्च नियमित हुनुपर्दछ।

सि.नं.	गाडी	संख्या	मासिक प्रति गाडी लि.	एक महिनामा प्रयोग इन्धन	एक वर्षमा खप्त इन्धन (लि)	औषत दर (मु.अ.कर सहित) प्रति लि.	जम्मा रकम	कैफियत
१	मोटर साइकल वडा अध्यक्ष	९	२५	२२५	२७००	१६९	४५७६२३	प्रदेश कानून मापदण्ड
२	मोटर साइकल (अधिकृत स्तर)	१०	१५	१५०	१८००	१६९	३०५०८२	पालिकाको निर्णय
३	मोटर साइकल (सहायक स्तर)	१७	१०	१७०	२०४०	१६९	३४५७६०	पालिकाको निर्णय
४	मोटर साइकल (वडा सचिव)	१	१०	१०	१२०	१६९	२०३३९	पालिकाको निर्णय
५	स्कुटी	२	१०	२०	२४०	१६९	४०६७८	पालिकाको निर्णय
६	व्याकहोल्डर	१			१५२४	१६०	२४४५४१	विवरण प्राप्त
७	टिपर	१			१५०	१६०	२४०६९	विवरण प्राप्त
८	रोड लोलर	१			३०५	१६०	४८९४०	विवरण प्राप्त
९	बरूण यन्त्र	१			१३३	१६०	२१३४१	विवरण प्राप्त
१०	टेक्टर, ट्राली	१			९१	१६०	१४५२२	विवरण प्राप्त
११	शव बाहन	१			३५५	१६०	५६९६३	विवरण प्राप्त
१२	स्कारपियो नगर प्रमुख	१	१७०	१७०	२०४०	१६०	३२७३३८	प्रदेश कानून मापदण्ड
१३	जिप इसुजु नगर उप प्रयोग	१	१५०	१५०	१८००	१६०	२८८८२८	प्रदेश कानून मापदण्ड
१४	जिप कार्यालय प्रमुख	१			२२५६	१६०	३६२०२५	विवरण प्राप्त
१५	एम्बुलेन्स	१			१२८५	१६०	२०६१९१	विवरण प्राप्त

१६	एम्बुलेन्स	१			६९०	१६०	११०७१७	विवरण प्राप्त
			जम्मा				२८७४९५७	

अनियमित भएको	१८,८०,१३०

६३ **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्येसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत देहाय अनुसार सवारीसाधन रहेकोमा उल्लिखित सवारी साधनहरुको मर्मतमा रू.६७८१८०७।०० खर्च गरेको देखियो। मर्मत सम्भार खर्चलाई व्यवस्थित र मितव्ययी बनाउन पालिकाको ध्यान जानु पर्दछ।

सि.नं.	गाडी	संख्या
१	मोटर साइकल वडा अध्यक्ष	९
२	मोटर साइकल (अधिकृत स्तर)	१०
३	मोटर साइकल (सहायक स्तर)	१७
४	मोटर साइकल (वडा सचिव)	१
५	स्कुटी	२
६	व्याकहोल्डर	१
७	टिपर	१
८	रोड लोलर	१
९	बरूण यन्त्र	१
१०	टेक्टर, ट्राली	१
११	शव बाहन	१
१२	स्कारपियो नगर प्रमुख	१
१३	जिप इसुजु नगर उप प्रयोग	१
१४	जिप कार्यालय प्रमुख	१
१५	एम्बुलेन्स	१
१६	एम्बुलेन्स	१
	जम्मा	५०

६४ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र

नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी निम्नानुसार रू. ३७८७८१४।०० को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

६५ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न ४३ व्यक्ति तथा संघ संस्थालाई रू.९७२३००।०० आर्थिक सहायता वितरण गरेको देखियो।यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ। साथै यस्ता खर्चको विवरण पालिकाले आफ्नो वेभसाइट मार्फत सार्वजनिक समेत गरी पारदर्शिता प्रवर्धन गर्नुपर्दछ।

६६ विविध खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना, खाजा, सभा संचालन तथा अन्य विविध शिर्षकमा रू. १९६३४६३।०० खर्च गरेको छ। विविध खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्न पालिकाको ध्यान जानु पर्दछ।

६७ अन्य कार्यालयको खर्च

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

सि.नं.	विवरण	प्रयोजन	खर्च रकम
१	मालपोत कार्यालय बेलौरी कञ्चनपुर	कार्यालय सञ्चालन	१५०००००.
२	इलाका प्रशासन कार्यालय	स.क.अ. देबेन्द्र थापाको ६ महिनाको तलब	१४८०००
३	नापी कार्यालय बेलौरी कञ्चनपुर	कार्यालय सञ्चालन	६०००००.
४	नेपाल रेडक्रस सोसाइटी	रगत उपलब्ध गराएबापत सहुलियत	५०००००
	जम्मा		२७४८०००.

६८ अन्य कार्यालयको खर्च

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्य आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको निम्नानुसारका कार्यालय तथा संघ संस्थाको लागि रू. २५४३४१६।०० खर्च गरेको देखियो। जसले गर्दा बजेट खर्च मितव्ययी र प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

क्र स	विवरण	प्रयोजन	खर्च रकम
१	पुनर्वास उद्योग वाणिज्य संघ	फर्निचर खरिद	४०००००.
२	कँराते संघ	पोशाक खरिद	८००००.
३	सुदूरपश्चिम लोकदोहोरी प्रतिष्ठान	सहयोग	३०००००.
४	बेलौरी नगरखेलकुद समिति	सहयोग	२२०००.
५	राना थारुको तीज (सावन डोला)	सहयोग	१७४०००.
६	कंचनपुर फुटबल संघ	सहयोग	२००००.
७	चराई पर्व	सहयोग	२०००००.
८	विश्व हिन्दु परिषद नेपाल	सहयोग	४००००.
९	लालझाडी युवा क्लव	सहयोग	२५००००.
१०	प्रहरी विट निर्माण	सहयोग	२२१५२६.
११	ईलाका प्रशासन कार्यालय	कार्यालयको गेट निर्माण	३५३४१३.
१२	जनता बहुमुखी क्याम्पस	सौचालय निर्माण	४८२४७७.
	जम्मा		२५४३४१६.

६९ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले यो वर्ष सम्बन्धी एस. एम. यस.(SMS) सफ्टवेयर खरिद गरी एभाल टोक्नोलोजी प्रा.लि. लाई रु.२८२५० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

७० **आन्तरिक आय**

आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदान	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५७०७५७१५२.८०	३३५०५२६६.५९	५.८७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.८७ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

७१ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.२३४७७००।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको

व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

७२ **विज्ञापन कर**

नेपालको संविधानको अनुसूची ९ को बुदा न ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। पालिकाको आर्थिक ऐन, २०८० मा होर्डिङ्ग वोर्ड ब्यानर तथा माईकिङ्ग मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्यख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक, युट्युव, ईन्सग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन। समाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुलाई समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ।

७३ **ढिला राजस्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगद दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। नमुना परीक्षण क्रममा निम्नानुसार वडाका वडा सचिवहरुले राजस्व आम्दानी नगद बुझ्ने गरेको र औसतमा करिव १ महिना सम्म ढिलो गरी राजस्व दाखिला गर्ने गरेको देखीयो। संकलित राजस्व नियमानुसार राजस्व दाखिला गर्न पालिकाको ध्यान जानुपर्दछ।

वडा नं	राजश्व उठेको महिना	बैंक दाखिला गरेको मिति	राजश्व रकम रु.	जिम्मेवार वडा सचिव
१	कार्तिक१- कार्तिक १९	कार्तिक १९	१६७६०	विनोद चौधरी
३	चैत्र १- चैत्र २३	चेत्र २३	२२२६०	निशा चन्द

७४ **राजश्व अभिलेख**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा स्थानीय तहको लागि समेत लागु हुने गरी राजस्व शिर्षकहरुको बर्गिकरण र व्यख्या गरिएको छ। त्यसै गरी राजस्व लेखाको म ले प फा न १०६ दैनिक नगदी राजस्व आम्दानी खाता, म ले प फा न १०८ राजस्व प्राप्तिको बैक नगदी किताव, म ले प फा न १११ करदाताको लगत लगायतका फारम न. १०१ देखि ११८ सम्मका मलेप फारमहरु निर्धारण गरेको छ। कार्यालयबाट यस वर्ष जम्मा रू.३३५०५२६६।५० राजश्व आम्दानी गरेकोमा राख्नुपर्ने उल्लिखित मलेप फारमहरु नराखेको र राजस्वको प्रकृति अनुसार शिर्षक मिलाएर राजस्व दाखिला समेत हुने गरेको देखिएन। साथै करदाताको अद्यावधिक लगत नहुँदा प्राप्त हुनुपर्ने तथा प्राप्त भएको राजश्व सम्बन्धमा भिडान परीक्षण गर्न सकिएन।

७५ **सटर भाडा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। पालिकाले पुरानो सम्झौता नविकरण नगरेर पुरानै सम्झौताको आधारमा बेगर प्रतिशपर्धा गरि सटर भाडा उठाउँदै आएको र उक्त रकम बहाल कर शिर्षकमा दाखिला गरेको देखियो। पालिका अन्तर्गतका सटर भाडामा लगाइएकोमा सो बाट यो वर्ष संकलन हुनुपर्ने निम्नानुसार रकम आर्थिक वर्षको अन्त्य सम्म असुल भएको देखिएन। पालिकाले प्रत्येक सटरभाडाको रकमको अभिलेख व्यवस्थित नराखेकोले गत विगतको के कति रकम बाँकी छ सोको एकिन गर्न सक्ने अवस्था छैन। पालिकाबाट प्राप्त विवरण अनुसार निम्न व्ययसायीहरुले यो वर्षको निम्नानुसार भाडा रकम र गत बिगतको सटर भाडा सम्बन्धमा एकिन गरी बुझाउनु पर्ने बाँकि रकम सम्बन्धितहरुबाट असुल हुनुपर्दछ।

क्र.सं.	व्यवसायीको नामर भवन	व्यवसायको नाम	सम्झौता रकम/ मासिक	बुझाउन बाँकीशुरु महिना	2081/03/31 सम्मकोबाँकी
१	बालकृष्णढकाल-४, IBRD बजारको पुरानो भवन, कोठा नं.-४	बि.आर.स्टेशनरी	२०००	2080/08/01 देखी बाँकी	१६०००
२	करणथापा-५, ६ नं.वडा कार्यालय भवनछेउको सटर नं.३	करनब्रदर्स	१५००	2080/04/01 देखी बाँकी	१८०००
३	टिकारामसार्की-४, ६ नं.वडा कार्यालय भवनछेउको सटर नं.६	टिकारामसाउन्ड सेन्टर	१५००	2080/04/01 देखी बाँकी	१८०००
४	देव सिंहखडका-३, IBRD बजारको नयाँ भवन, कोठा नं.५	विष्णुखडका(कञ्चन चश्मा पसल)	२०००	2080/04/01 देखी बाँकी	२४०००
५	दुर्गापन्थी-६, IBRD बजारको नयाँ भवन, कोठा नं.७	पन्थी जनरलस्टोर	२०००	2080/04/01 देखी बाँकी	२४०००
६	बिष्णु प्रपौडेल-६, IBRD बजारको नयाँ भवन,डबल कोठा नं.२	विष्णुपेन्सी स्टोर	२३००/२५००	2080/04/01 देखी आंशीकबाँकी	४८००
७	शेषकान्तपन्थी-६, IBRD बजारको नयाँ भवन, कोठा नं.९	न्यु पन्थीजनरल स्टोर	२०००	2078/11/01 देखी बाँकी	५८०००
८	कृष्ण प्र.रेग्मी-६, ६ नं.वडा कार्यालय भवनछेउको डबल सटर नं.४	एन्जिलास्टेशनरी	२५००	2079/04/01 देखी बाँकी	६००००
९	हिरा सिंहसाउद-२, IBRD बजारको पुरानो भवन, कोठा नं-३	न्युभुमिराज पेन्सी स्टोर	२०००	2078/04/01 देखी बाँकी	७२०००
१०	सुचित्रापौडेल(काफ्ले)-६, IBRD बजारको पुरानो भवन, कोठा नं.७	काफ्लेस्टोर	२०००	2078/04/01 देखी बाँकी	७२०००
११	खगेश्वरीवन-३, IBRD बजारको नयाँ भवन, कोठा नं.४	शुसान्तश्रृंगार तथा गिफ्ट पसल	२०००	2078/04/01 देखी बाँकी	७२०००
जम्मा					४३८८००

असुल गर्नुपर्ने	४,३८,८००

७६ **मुअकर विजक**

आन्तरिक राजस्व विभागको मिति २०७८।३।३१ को परिपत्रमा कर विजकको सिलसिलेवार नम्बर ब्रेक नहुने गरी बिजक छपाई गर्नुपर्ने र जति सुकै शाखाबाट कारोवार गरे पनि उक्त सिरियल नम्बर कायम हुने गरी विजक प्रयोग गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष कृषि कार्यक्रम अन्तर्गत साना सिचाई तथा कृषि सिचाई कार्यक्रमका लागि कृषकहरुलाई उपलव्ध गराएको अनुदानका खर्चका प्रमाणहरुको नमुना परीक्षण गर्दा निम्नानुसार फर्मले समरसिवल पम्प लगायतका सामाग्री खरिद गरी पेश गरेको विजकहरुमा विजक नम्बर उल्लेख नभएको तथा केहीको हातले लेखेको देखिएकोले उक्त रकमको सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मुअकर समायोजन पत्र पेश हुनुपर्दछ।

क्र.स.	कृषकको नाम	विजक जारी गर्ने फर्मको नाम	विजक मिति	विजक रकम	कैफियत
१	मालिका कृषक समुह, पुनर्वास ५ ग गाँउ	डी.पी. ईन्टरप्राइजेज	२०८१।३।२०	१५४६९७।००	विजक न. उल्लेख नभएको
२	शिव शक्ति कृषक समुह, पुनर्वास ९ ख गाँउ	डी.पी. ईन्टरप्राइजेज	२०८१।२।६	६९७२१।००	विजक न. उल्लेख नभएको
३	हरियाली कृषक समुह, पुनर्वास ५	डी.पी. ईन्टरप्राइजेज	२०८१।२।६	६८३६५।००	विजक न. उल्लेख नभएको
४	कैलाश कृषक समुह पुनर्वास ४ घ गाँउ	डी.पी. ईन्टरप्राइजेज	२०८२।२।८	६७८००।००	विजक न. उल्लेख नभएको
५	सृजनशील कृषक समुह, पुनर्वास २	डी.पी. ईन्टरप्राइजेज	२०८१।१।१८	६७४६१।००	विजक न. उल्लेख नभएको
६	विमल कृषक फर्म, पुनर्वास २	डी.पी. ईन्टरप्राइजेज	२०८१।२।२७	७६५०१।००	विजक न. उल्लेख नभएको
७	श्री कृषक केकेड माछापालन समुह पुनर्वास ७	डी.पी. ईन्टरप्राइजेज	२०८१।१।२८	६७८००।००	हातले लेखेको
८	सुविक्षा कृषक समुह, पुनर्वास १	डी.पी. ईन्टरप्राइजेज	२०८१।१।२०	६७८००।००	हातले लेखेको
९	उन्नतिशील कृषक समुह, पुनर्वास ६	डी.पी. ईन्टरप्राइजेज	२०८१।२।६	१५४३४५।००	हातले लेखेको
१०	सचेतना कृषक समुह पुनर्वास ९	डी.पी. ईन्टरप्राइजेज	२०८१।२।६	६७३४८।००	हातले लेखेको
११	उज्यालो महिला कृषक समुह, पुनर्वास ६	डी.पी. ईन्टरप्राइजेज	२०८१।२।६	६८३६५।००	हातले लेखेको
१२	पि.ओ.पी. विचमल्ला (ससतकोम्प)	डी.पी. ईन्टरप्राइजेज	२०८१।२।२६	२५९९०।००	हातले लेखेको
	जम्मा			९५६१९३।००	

प्रमाण पेश नगरेको	९,५६,१९३

७७ **मुअकर कट्टि**

मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवाको मुल्य वा रकम भुक्तानी गर्दा भुक्तानी गरिने मुअकर रकमको ३० प्रतिशत कट्टी गरी सम्बन्धित भुक्तानी प्राप्त गर्ने व्यक्तिको नामबाट सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार कार्यको लागि मुअकर रकम भुक्तानी गर्दा नियममा भएको व्यवस्था अनुरुप ३० प्रतिशत कट्टी गरी दाखिला गरेको नदेखिएकोले सम्बन्धित आपुर्तिकर्ता वा निर्माण व्यवसायीबाट मुअकर समायोजन पत्र पेश गर्नु पर्दछ।

भौ न तथा मिति	**मु अ कर भुक्तानी प्राप्त गर्ने व्यक्तिको नाम**	**खरिद गरिएको वस्तु तथा सेवा**	**भुक्तानी भएको मु अ कर रकम**
३७३।३।२४	सीया फाइवर ग्लास एण्ड मेटल ईण्डस्ट्रीज	विद्यालयको प्लेस्टेशन	३६४८४।००
३७३।३।२४	परितोष ट्रेड एण्ड सप्लायर्स	विद्यालयको प्लेस्टेशन	३६५५६।००
३७३।३।२४	सीया फाइवर ग्लास एण्ड मेटल ईण्डस्ट्रीज	विद्यालयको प्लेस्टेशन	३६४८८।००
३७३।३।२४	परितोष ट्रेड एण्ड सप्लायर्स	विद्यालयको प्लेस्टेशन	३६४५२।००
	जम्मा		१४५९८०।००

प्रमाण पेश नगरेको	१,४५,९८०

७८ **सामुदायिक वन क्षेत्रको वन पैदावार विक्री**

स्थानीय सरकार संचालन ऐन २०४७ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था

उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको हुन सक्ने देखिएता पनि वन उपभोक्ता समितिहरुले पालिकाबाट कार्ययोजना स्वीकृत गरेको देखिएन। यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ।

७९ **कम्प्युटर लेखा प्रणाली**

पालिकाले राजश्वलाई नियमित र व्यवस्थित गर्न IPT(कर संकलन प्रणाली) सफ्टवेयर प्रयोग गरेको पाइयो। पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरी रू.३३५०५२६७।०० आन्तरिक आय देखाएको पाइयो। प्राविधिक विषयको कारण आम्दानीको सफ्टवेयर सिस्टमको परिक्षण गर्न सकिएन।सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको भएतापनि सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परिक्षणको सीमा भन्दा बाहिर रहेको छ।कानून अनुरुप र आर्थिक कारोवारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोवारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका लागि प्रत्येक वर्ष सफ्टवेयरको IT Audit गराउनु पर्ने देखिन्छ।उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोवारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।

८० **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा निम्नानुसार आन्तरिक आयतर्फ रू.३ करोड ८५ लाख आय प्राप्त गर्ने अनुमान गरेकोमा रू.३ करोड ३५ लाख मात्र आय प्राप्त गरेको छ। अर्थात अनुमानको ८७.०३ प्रतिशत आय प्राप्त गरेको छ। आ व २०७८।७९ मा रू. २ करोड ५३ लाख ३७ हजार ३५० र आ व २०७९।८० मा रू. २ करोड ४४ लाख ९२ हजार ९५१ आम्दानी भएकोमा यो वर्ष आम्दानी देखाइएको रकम विगत २ वर्षको औसत भन्दा करिव ३५ प्रतिशतले वृद्धि भएको अवस्था छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथ परक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता कार्यालयमा दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रणालीको विकास हुनुपर्दछ।

क्र.सं.	राजस्व संकेत	आम्दानी शीर्षक	अनुमान	आम्दानी
१	११३१३	सम्पती कर	१२५००००००	८५५१६०६
२	११३१४	भुमिकर/मालपोत	१५००००००	०
३	११३१७	वहाल कर	३५००००००	२८२७१६८
४	११३१८	वहाल विटौरी कर	५०००००	३६९८५
५	११६९१	अन्य कर	२१००००००	१२४२४२६
६	१४१५१	सरकारी सम्पत्तीको वहालबाटप्राप्त आय	१५००००००	४९६६००
७	१४२१२	सरकारी सम्पतीको बिक्रीबाटप्राप्त रकम	०	२७२००
८	१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम	७०००००	०
९	१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	०	३०००
१०	१४२२१	न्यायिक दस्तूर	०	१२५००
११	१४२२३	शिक्षा क्षेत्रको आम्दानी	५०००००	३८२९५०
१२	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	०	४३०७०१
१३	१४२४२	नक्सापास दस्तुर	५०००००	४२६४८३
१४	१४२४३	सिफारिश दस्तुर	४५००००००	६३८४०४०
१५	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	१५००००००	७९७५००
१६	१४२४५	नाता प्रमाणित दस्तुर	१०००००	२१५९००
१७	१४२४९	अन्य दस्तुर	४००००००	४५८९९३६
१८	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	०	२३४७७००
१९	१४२६२	विद्युत सम्बन्धी दस्तुर	०	२००
२०	१४२६५	अन्य क्षेत्रको आय	०	४५४७०
२१	१४३१२	प्रशासनिक दण्ड जरिवाना र जफत	३०००००	१९४३३८७
२२	१४५२१	प्रदुषण नियन्त्रण शुल्क	०	३२३९७८
२३	१४६११	व्यवसाय कर	४५००००००	२३९९४६०
२४	१५१११	बेरूजू	३०००००	२००७७
जम्मा			३८५००००००	३३५०५२६७

८१ अस्पताल भवन निर्माण

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति तिर्नु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको, सार्वजनिक निकायले उपलव्ध गर्नु पर्ने कुनै कुरा उपलव्ध नगराएको वा कावु बाहिरको कुनै परिस्थिति सृजना भइ समयमा काम सम्पन्न गर्न नसकिएको अवस्था जाँचबुझ गर्दा देखिएमा म्याद थप गर्न सक्ने व्यवस्था

छ। एकिकृत स्वास्थ्य पूर्वाधार (आधारभूत १५ शैया) अस्पताल भवन निर्माण कार्यको लागि मिति २०७८ असार २० गते सिएम प्राश्ना रश्मी जेभी र यस पालिका विच भएको सम्झौता अनुसार २०८० असार २० गते भित्र कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था भएकोमा कार्यापालिकाले २ पटक गरी २ वर्ष म्याद थप भई कार्य सम्पन्न गर्नुपर्ने मिति २०८२ असार २० कायम भएको अवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार कूल सम्झौता मूल्य रू.१०८११२४५६।०० (मु अ कर सहित) भएकोमा हाल लेखापरीक्षण अवधि सम्म यो वर्ष भुक्तानी भएको रू११२४५८०।०० समेत कूल रू.१३६१२९५०।४२ भुक्तानी भएको छ। जुन १२.५९ प्रतिशत वित्तीय प्रगति हो। निर्माणाधीन अस्पताल भवनको जग्गा अपुग भई डिपीआर संशोधन भएको तर सो स्वीकृत नभएकोले निर्माण कार्यमा ढिलाई भएको भन्ने जानकारी पालिकाबाट प्राप्त भयो। २ वर्षको शुरु सम्झौता अवधि सकिएर २ वर्षको थप अवधि समेत व्यतित भै सक्दाको अवस्थामा समेत निर्माण कार्यको प्रगति सन्तोषजनक नभएको देखियो। खरिद योजना तथा ठेक्का व्यवस्थापन पुर्वको कार्य व्यवस्थित नभएको कारणले निर्माण कार्यमा विलम्व भएको देखिन्छ। तसर्थ खरिद सम्झौताको कार्यान्वयन हुनुपर्दछ।

८२ **निष्क्रीय पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०मा पेश्की दिनुपर्ने गरी खरिद सम्झौता गर्दा काम पुरा हुनुपर्ने भनि तोकिएको म्याद भित्र काम पुरा नभई पेश्की बाँकी रहन गएमा त्यस्तो बाँकी पेश्की रकमको म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज र साँवा एकमुष्ठ बुझाउनु पर्ने कुरा सम्झौतामा नै उल्लेख गरी असुल गर्नुपर्ने व्यवस्था छ।त्यसै गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा पेश्की रकम तोकिएको प्रयोजनको लागि प्रयोग भएको नपाइएमा सम्बन्धित पक्षले पेश गरेको बैङ्क जमानत जफत गर्नुपर्ने उल्लेख छ। त्येसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ मा निर्माण व्यवसायीले खरिद सम्झौताको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारण पेश्की फर्स्यौट हुन नसकेमा बैङ्क जमानत जफत गरी सोमा १० प्रतिशत ब्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। पालिकाले १५ सैयाको अस्पताल भवन निर्माणको लागि सिए प्रश्ना रश्मी जेभी लाई रू.१८९८९०००।०० पेश्की दिएकोमा पुरै पेश्की बाँकी रहेको देखियो। पेश्की जमानतको म्याद २८ जुन २०२५ सम्म रहेको देखियो। शुरु सम्झौता अवधि पुरै व्यतित भइ थप २ वर्ष समेत व्यतीत भैसकेको अवस्थामा जम्मा १२.५९ प्रतिशत मात्र प्रगति भएकोले ऐनको दफा ५२ अनुसार पेश्कि रकम तोकिएको प्रयोजनमा प्रयोग भएको देखिएन। तोकिएको प्रयोजनमा प्रयोग हुन नसकेको पेश्की रकम जमानतको म्याद भित्रै असुल गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

८३ **कार्य स्वीकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा कम्तिमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य संचालनमा आएको अवस्थामा भएमा सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा कार्य स्वीकार प्रतिवेदन दिन सक्ने व्यवस्था छ। साथै नियम ११८ मा सम्झौता गर्दा पुर्वानुमान गरेको भन्दा फरक परिस्थिति सम्झौता कार्यान्वयन गर्दा सृजना भएमा भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कार्य स्वीकार प्रतिवेदन दिएका निम्नानुसार निर्माण कार्यको ९० प्रतिशत सम्पन्न नभई भेरिएसन आदेश समेत स्वीकृत नभएको अवस्थामा कार्य स्वीकार प्रतिवेदन दिएको देखियो। अत ९० प्रतिशत भन्दा कम निर्माण कार्य भएको अवस्थामा भरिएसन आदेश स्वीकृत गरी कार्य स्वीकार प्रतिवेदन जारी गर्नुपर्नेमा ८७ प्रतिशतमै कार्य सम्पन्न प्रतिवेदन दिएको नियमानुसार भएको देखिदैन। ९० प्रतिशत भन्दा कम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन दिएको रकम नियमित हुनुपर्दछ।

क्र स	योजनाको नाम	निर्माण व्यवसायीको नाम	सम्झौता रकम	हाल सम्मको भुक्तानी	वित्तीय प्रगति	
१	दोदा नदि तटबन्धन	रकाल कन्स्ट्रक्सन	५८२०२८९।००	५०६९०७८।००	८७	
					अनियमित भएको	१,६९,१८२

८४ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। जस अनुसार रू.१० लाख भन्दा बढिको

निर्माण कार्य र रू.२० लाख भन्दा बढिको परामर्श सेवा सोझै खरिद गर्न सकिने अवस्था देखिदैन। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। यो वर्ष पालिकाले निम्नानुसार कूल रू.२०७०१६३८।०० मालसामान तथा निर्माण कार्य सोझै खरिद गरेको देखियो। जस अन्तर्गत सडक निर्माण जस्ता निर्माण कार्य विभिन्न स्थानमा हुने र प्ले स्टेशन खरिदको कार्य सम्बन्धित विद्यालय मार्फत हुने हुदाँ प्याकेजमा समावेश गर्न नसकिएता पनि प्याकेजमा समावेश गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन सकिने खरिदहरु जस्तै मोटरसाइकल खरिद रू.१५६४८००.०० फर्निचर खरिद रू.१४०२५२५.००, सडक वत्ति खरिद तथा जडानमा रू.१६०५४७४.००, समेत कुल रू.४५७२७९९।०० सोझै खरिद गरेको देखियो। सोझै खरिद हुदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले मु. अ. कर तथा ओभरहेड पनि जोडेर भुक्तानी हुदा निर्माण कार्य उपभोक्ता मार्फत भएको भन्दा पनि महंगो हुने र मालसामान खरिदमा समेत प्रतिस्पर्धा नहुने अवस्था देखियो। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन। साथै प्याकेजमा समावेश गर्नुपर्ने मालसामान तथा निर्माण कार्य सोझै खरिद गरिएको कार्य नियमित हुनुपर्दछ।

क्र स	भौ न तथा मिति	आपुर्तिकर्ता व्यक्तिको नाम	खरिद गरिएको वस्तु तथा सेवा	भुक्तानी भएको रकम
१	६५.११.३	संस्कारी ट्रेड एण्ड सप्लायर्स	डेक्सटप कम्प्युटर	२०००००
२	१४९.१.९	एम एन ईन्टरनेश्नल	ल्यापटप खरिद	१४९९९९
३	३४८.३.२३	आदर्श ट्रेड लिङ्क एण्ड सप्लायर्स	ल्यापटप तथा अन्य कम्प्युटर जन्य सामाग्री	४४८६१०
४	१५८.१.१३	न्यू पशुपति ट्रेड एण्ड सप्लायर्स	प्रिन्टर्स खरिद	१५६३९२
	जम्मा			९५५००१
१	३९.९.१८	न्यू एस एम एस अटोमोटिब्स	मोटरसाइकल खरिद	६३०२००
२	३२०.३.२१	पीएसपी ग्रुप	मोटरसाइकल खरिद	३७५१५०
३	३५०.३.२३	नवदुर्गा टेक्नोलोजी प्रा लि	मोटरसाइकल खरिद	२५५०००
४	३२१.३.२१	न्यूएमएस अटोमोबाइल्स	मोटरसाइकल खरिद	३०४४५०
	जम्मा			१५६४८००
१	२०५.२.२४	ब्रिलीयण्ट मल्टिप्रपोज कम्पनी प्रा लि	सिसिटिभी क्यामेरा तथा एसी खरिद	३४७७४७
२	२८८.३.१७	दिब्या कम्प्युटर्स एण्ड सप्लायर्स	सिसिटिभी क्यामेरा खरिद	६९९५००

	जम्मा			१०४७२४७
१	७२.११.२२	आर आर रोमानी फर्निचर फर्निचर उद्योग	फर्निचर जन्य सामाग्री खरिद	१२२४४६
२	२१६.२.२१	शिवशक्ति फर्निचर एण्ड स्टिल उद्योग	फर्निचर जन्य सामाग्री खरिद	४३०९८१
३	२८३.३.१३	आर आर रोमानी फर्निचर फर्निचर उद्योग	फर्निचर जन्य सामाग्री खरिद	३४९२२३
४	२८९.३.१७	शिवशक्ति फर्निचर एण्ड स्टिल उद्योग	फर्निचर जन्य सामाग्री खरिद	१९९९०६
५	३६१.३.२४	माँ पुर्वागीरी फर्निचर एण्ड मेटल उद्योग	फर्निचर जन्य सामाग्री खरिद	२९९९६९
	जम्मा			१४०२५२५
१	७४.११.२२	अधिकारी ईलेक्ट्रोनिक्स सेन्टर	विद्युतीय सामाग्री खरिद	२५९१०७
२	१६०.१.१६	दिब्य कम्प्युटर्स एण्ड सप्लायर्स	एसी तथा अन्य विद्युतीय सामाग्री खरिद	२९९८९९
३	३४५.३.२३	शारदा विजनेस हाउस	विद्युतीय सामाग्री खरिद	२४०६००
४	३४९.३.२३	सुर्योदय सोलार एण्ड ट्रेडर्स	ब्याट्री र अन्य विद्युतीय सामाग्री खरिद	२९४३७८

	जम्मा			१०९३९८४
१	८१.११.२४	अधिकारी ईलेक्ट्रोनिक्स सेन्टर	सडक वत्ती खरिद तथा जडान	१५११९९
२	९९.१२.२	बाबा बिजुली भण्डार	सडक वत्ती खरिद तथा जडान	२६११५९
३	१५४.१.१२	ओमप्रकाश मोबाइल ग्यालरी एण्ड ईलेक्ट्रिक	सडक बत्ति खरिद तथा जडान	१२८९५५
४	169.13	न्यू बाबा बिजुली भण्डार	सडक बत्ति खरिद तथा जडान	९८६६६
५	२०६.२.१६	एसपी ईलेक्ट्रोनिक्स प्रा लि	सडक बत्ति खरिद तथा जडान	५५०२१३
६	२७०.३.११	केदारी एण्ड वि.एन. ट्रेड सप्लायर्स	सडक बत्ति खरिद तथा जडान	१९०४६५
७	३४४.३.२३	रारा बिजुली भण्डार	सडक बत्ति खरिद तथा जडान	२२४८१७
	जम्मा			१६०५४७४
१	१७१.१.२	बृहस्पती टेक्नो कन्सल्टेन्सी प्रा लि	नेटवर्कीङ् जडान	६६०७११
२	१७४.१.२४	बृहस्पती टेक्नो कन्सल्टेन्सी प्रा लि	नेटवर्कीङ् जडान	१९०५१८

	जम्मा			८५१२२९
१	३७०.३.२४	ओम फाइवर ग्लास तथा मेटल उद्योग	विद्यालयमा प्ले स्टेशन निर्माण	९५०४४३
२	३७३.३.२४	सीया फाइवर ग्लास एण्ड मेटल ईण्डस्ट्रीज	विद्यालयमा प्ले स्टेशन निर्माण	३१७१२४
३	३७३.३.२४	परितोष ट्रेड एणड सप्लायर्स	विद्यालयमा प्ले स्टेशन निर्माण	३१७७५६
४	३७३.३.२४	सीया फाइवर ग्लास एण्ड मेटल ईण्डस्ट्रीज	विद्यालयमा प्ले स्टेशन निर्माण	३१७१६८
५	३७३.३.२४	परितोष ट्रेड एणड सप्लायर्स	विद्यालयमा प्ले स्टेशन निर्माण	३१६८५२
	जम्मा			२२१९३४३
१	१६४.१.२१	दाउत निर्माण सेवा	लोकतान्त्रिक सडक मर्मत	९१८९७९
२	१७७.१.२५	विपी निर्माण सेवा	वडा न १० मदनटोल स्याव तथा कल्भर्ट निर्माण	९४६३४३
३	३१५.३.२१	एस एस निर्माण सेवा	पाराङ चोक घेरवार अधुरो भवन निर्माण	८३२६७४
४	३५६.३.२४	भागेश्वर निर्माण	खुला	७४८०६०

		सेवा	व्यामशाला निर्माण	
५	३७५.३.२४	ए.डी.वी निर्माण सेवा	ग्रावेल संकलन कार्य	८९६६५५
६	३५७.३.२४	संस्कार कन्स्ट्रक्सन	वडा न ५ परिसरमा ब्लक तथा माटो भरान	६२९४९०
७	१९३.१.२७	बिशाल निर्माण सेवा	वडा न ४ र ६ को सडक ग्रावेल	९२३०२६
८	२६२.३.९	शुभम कन्स्ट्रक्सन	वडा न ८ को सडक ग्रावेल	८०९८६२
९	३१३.३.२०	मैटुप निर्माण सेवा	वडा न ३ को सडक ग्रावेल	८७६०३६
१०	३७६.३.२४	रिजन ह्युम पाइप तथा कंक्रिट उद्योग	ह्युम पाइप खरिद	९५१४६०
	जम्मा			८५३२५८५
१	१८७.१.२६	२७७ ईन्जीनीयरीङ् कन्सल्टेन्सी	डिपिआर वडा न २ गुम्बाको निर्माण	९७७४५०
२	३५३.३.२४	सैपाल ईन्जिनीयरीङ् कन्सल्टेन्सी	डिपिआर कुर्सनालाको पानी विकास तथा ढुवान व्यवस्थापन कार्य	४५२०००
	जम्मा			१४२९४५०
	कुल जम्मा			२०७०१६३

अनियमित भएको	४५,७२,७९९

८५ **बोलपत्रको मुल्याङ्कन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नु पर्दछ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदाता सँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नु पर्दछ । मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजन भएमा त्यस्तो बोलपत्र दाता सँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको ३९ प्रतिशत देखि ४४ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिव ५६ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्न सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनु पर्दछ।

क्र स	कामको विवरण	निर्माण ब्यबसायीको नामर ठेगाना	सम्झौतार भुक्तानी सम्बन्धी विवरण		लागत अनुमान भन्दा कवोल अङ्क घटेको प्रतिशत
			लागत अनुमान विवरण	सम्झौतारकम	
१	वडा नं १० र ११ को लागि बर्थिङ सेन्टर सहितको स्वास्थ्य चौकी निर्माण	एस बि कन्ष्ट्रक्सन	१४६२३४८०	८६५९५८७	४१
२	तारागिरी चोक देखि पश्चिम बेलौरी नगरपालिका जोड्ने सडक कालोपत्रे संघिय बिशेष	दाउत निर्माण सेवा	११९८९८४४	७३४८४०५	३९
३	वडा नं १० र ११ को लागि बर्थिङ सेन्टर सहितको स्वास्थ्य चौकी निर्माण	एस बि कन्ष्ट्रक्सन	१४६२३४८०	८६५९५८७	४१
४	वडा नं ५ भित्रका बिभिन्न सडकहरु ग्राभेल	के एण्ड ब्रोदर कन्ष्ट्रक्सन	१०९९५३४	६१४३६४	४४

८६ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको, सार्वजनिक निकायले उपलव्ध गर्नुपर्ने कुनै कुरा उपलव्ध नगराएको वा काबु बाहिरको कुनै परिस्थिति सृजना भई समयमा काम सम्पन्न गर्न नसकिएको अवस्था जाँचबुझ गर्दा कानुन बमोजिम म्याद थप गर्न सक्ने व्यवस्था छ। त्यसै गरी म्याद थपको लागि सम्बन्धित निर्माण व्यवसायीले निवेदन दिनुपर्ने, कार्य सम्पादन जमानत, बीमा, कार्यतालिका लगायतका कागजातहरु अद्यावधिक गरी पेश भएको हुनुपर्ने व्यवस्था भएको छ। पालिकाले यो वर्ष आ व २०७९।८० मा सम्झौता भएका सबै ठेक्काको म्याद थप २०८०।९।३० सम्म कार्यपालिकाबाट एकमुष्ठ निर्णय गरी म्याद थप गरिएको छ। सबैलाई समान अवधि आवश्यक पर्ने नपर्ने सम्बन्धमा समेत यकिन नगरी उल्लिखित अवस्था सृजना भएको र सबै कागजात अद्यावधिक भएको यकिन समेत नगरी एकमुष्ठ म्याद थप गर्ने कार्य नियमानुसार भन्न सकिने अवस्था देखिएन। नियमानुसार खरिद सम्झौताको कार्यान्वयन हुनु पर्दछ।

८७ **लागत अनुमान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित माल सामानको स्पेसिफिकेशनको आधिनमा रहि तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार विभिन्न आपुर्तिकर्ताहरुबाट एउटै

स्पेसिफिकेशन (एलईडी ३० वाट बल्ब स्ट्रीट लाईट) को सडक सेन्सर लाइट खरिद गर्दा प्रति बल्व लागतमा निम्नानुसार भिन्नता आएको देखियो। प्राप्त विवरण अनुसार ३० वाटको सेन्सर लाइट प्रति वल्ब(पोल बाहेक) जडान समेतको लागत ओमप्रकाश मोबाइल ग्यालरी एण्ड ईलेक्ट्रिकबाट सबै भन्दा कम रू.१२९०।०० र अधिकारी ईलेक्ट्रोनिक्स सेन्टरबाट सबै भन्दा बढि रू.३१५०।०० रहेको देखीयो। उल्लिखित दुई आपुर्तिकर्ता बिच दोब्बर भन्दा बढि फरक देखियो। तसर्थ पालिकाले तोकिएको गुणस्तरको सडक बत्ति प्रतिस्पर्धी बजार मूल्यमा खरिद गर्न प्रतिस्पर्धात्मक खरिद विधि अपनाउनु पर्दछ।

क्र.सं.	भौ न मिति	आपुर्तिकर्ता	आपुर्ति गरिएका विवरण	भुक्तानी रकम	वाट क्षमता	बल्ब संख्या	प्रति वल्ब लागत
१	८१.११.२४	अधिकारी ईलेक्ट्रोनिक्स सेन्टर	सडक वत्ती खरिद तथा जडान	१५११९९	३०	४८	३१५०।००
२	९९.१२.२	बाबा बिजुली भण्डार	सडक वत्ती खरिद तथा जडान	२६११५९	३०	११२	२३३२
३	१३९.१२.३०	ब्रिलियण्ट मल्टिप्रपोज कम्पनी प्रा लि	सडक बत्ती खरिद तथा जडान	५५००००	५०	१३४	४१०४
४	१५४.१.१२	ओमप्रकाश मोबाइल ग्यालरी एण्ड ईलेक्ट्रिक	सडक बत्ति खरिद तथा जडान	१२८९५५	३०	१००	१२९०
५	1७9।1।२५	न्यू बाबा बिजुली भण्डार	सडक बत्ति खरिद तथा जडान	९८६६६	३०	७२	१३७०
६	२०६.२.१६	एसपी ईलेक्ट्रोनिक्स प्रा लि	सडक बत्ति खरिद तथा जडान	५५०२१३	५०	१४९	३६९३
७	२७०.३.११	केदारी एण्ड वि.एन. ट्रेड सप्लायर्स	सडक बत्ति खरिद तथा जडान	१९०४६५	३०	८६	२२१४
८	३४४.३.२३	रारा बिजुली भण्डार	सडक बत्ति खरिद तथा जडान	२२४८१७	४०	१४९	१५०८
जम्मा				२१५५४७४।००		८५०	२५३६

८८ **शीत भण्डार**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था गरे पश्चात मात्र बोलपत्र आहवान गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले खरिद गरिने सम्पत्ति तथा निर्माण गरिने संरचनामा सार्वजनिक वा स्थानीय तहकै स्वामित्व हुनुपर्दछ। पालिकाले मिति २०८० असार २४ गते जुगल विल्डर्ससंग सम्झौता गरी संघीय समपुरक अनुदानबाट शीत भण्डार निर्माण कार्य शुरु गरेकोमा उक्त शीत भण्डार निर्माण स्थलको स्वामित्व भने पुनर्वास सहकारी संस्था लिमिटेडको रहेको देखियो। लेखापरिक्षणको क्रममा उक्त सहकारी संस्था लिमिटेडसँग २६ वर्षको सम्झौता गरी उक्त अवधिसम्म शीत भण्डारको संरचनामा पालिकाकै स्वामित्व रहने भनिएता पनि लेखापरीक्षणको क्रममा उक्त सम्झौता पेश भएन। जसले गर्दा सम्झौतामा उल्लिखित अन्य शर्तहरु जानकारी हुन सकेन। कूल रू.८२४८९१८८।०० सम्झौता अङ्क रहेको उक्त निर्माण कार्य अन्तर्गत हाल सम्म रू.२१९९६४००।०० भुक्तानी भएको छ। नेपालको प्रचलित कानून अनुसार जग्गामा बनेको संरचनामा जग्गा धनी कै स्वामित्व हुने भएकोले निजी तथा गैर सरकारी जग्गामा संरचना बनाउने निर्णय विवेकपुर्ण देखिएन। निर्माण स्थल सुनिश्चित नभई बजेट विनियोजन तथा योजना तर्जुमा तथा स्वीकृत गर्ने पद्धतिमा नियन्त्रण गर्न पालिकाको ध्यान जानु पर्दछ।

८९ **शीत भण्डारको डिजाइन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण हरु तयार गर्नुपर्ने उल्लेख छ। शीत भण्डारमा कृषि तथा पशु उपजहरु भण्डारण गरिने भएकोले विशेष प्राविधिक विशेषतायुक्त हुनुपर्दछ। पालिकाले जुगल विल्डर्स कम्पनी प्रा लि सँग सम्झौता गरी निर्माण गरिरहेको शीत भण्डारको स्वीकृत डिजाइन लेखापरीक्षणमा पेश भएन। जसले गर्दा निर्माणाधीन शीत भण्डारको डिजाइन उपयुक्त रहेको भन्न सकिने अवस्था देखिएन। शीत भण्डारको डिजाइनमा विशेष प्राविधिक विशेषता भएको सुनिश्चित हुनुपर्दछ।

९० **एज विल्ट ड्रईङ्ग पेश नभएको**

सार्बजनिक खरिद नियमावली, २०६४ को निम १२५ मा खरिद सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज बिल्ट नक्शा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार निर्माण कार्य सकिएकोमा नियममा भएको व्यवस्था अनुसार एज बिल्ड ड्रईङ्ग पेश गरेको देखिएन। जसले निर्मित संरचनाको मूल्याङ्कन गर्न सकिएन। नियममको व्यवस्था पालना हुनुपर्दछ।

क्र स	योजनाको नाम	निर्माण व्यवसायीको नाम	कार्य सम्पन्न रकम
१	तारा गिरी चोक देखि पश्चिम १ न. वडा जाने सडक कालोपत्रे	दाउद निर्माण सेवा	६९४६००९।००
२	मीनलाल अर्यालको घर देखि दयाराम रानाको चोक सम्म सडक कालोपत्रे	मइटुप निर्माण सेवा	२३४६३१६।००
३	फैरु तामाङ ईट्टा भट्टा देखि पश्चिम वडा न १ पुरैना सडक कालोपत्रे	शनिदेव निर्माण सेवा	३५७१२२१५।००
४	प्रशासकीय भवन निर्माण	आशिष रस्मी जे भी	१६२८३२०५।००
५	वडा न ८ भेटनरी क्लिनिक भवन निर्माण	भर्मल कन्स्ट्रक्सन	२३५०४५४।००

९१ **मालसमान तथा उपकरण खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने तथा नियम ११५ मा आपुर्ति गरिएका मालसामान निर्धारित प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको निरीक्षण तथा परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरीक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता निहित भए नभएको एकिन गर्न सकिएन। मेसिनरी उपकरण खरिद गर्दा नियमावलीको प्रावधानको पालना हुनु पर्दछ।

क्र स	भौ न तथा मिति	आपुर्तिकर्ता व्यक्तिको नाम	खरिद गरिएको वस्तु तथा सेवा	भुक्तानी भएको रकम
1	२३.९.१	न्यू दीप कम्प्युटर एण्ड सप्लायर्स	क्यामारा तथा कम्प्युटर जन्य सामाग्री	४५००००
2	२६.९.१	आदित्य ईन्फोसिस	ल्यापटप तथा अन्य कम्प्युटर जन्य सामाग्री	६२५११६
3	६५.११.३	संस्कारी ट्रेड एण्ड सप्लायर्स	डेक्सटप कम्प्युटर	२०००००
4	१४९.१.९	एम एन ईन्टरनेश्नल	ल्यापटप खरिद	१४९९९९
५	१७२.१.२४	आईटि केयर हाउस	ल्यापटप र डेक्सटप कम्प्युटर	९२७२२१
६	३४८.३.२३	आदर्श ट्रेड लिङ्क एण्ड सप्लायर्स	ल्यापटप तथा अन्य कम्प्युटर जन्य सामाग्री	४४८६१०
७	१५८.१.१३	न्यू पशुपति ट्रेड एण्ड सप्लायर्स	प्रिन्टर्स खरिद	१५६३९२
८	३९.९.१८	न्यू एस एम एस अटोमोटिब्स	मोटरसाइकल खरिद	६३०२००
९	३२०.३.२१	पीएसपी ग्रुप	मोटरसाइकल खरिद	३७५१५०
१०	३५०.३.२३	नवदुर्गा टेक्नोलोजी प्रा लि	मोटरसाइकल खरिद	२५५०००
११	३२१.३.२१	न्यूएमएस अटोमोबाइल्स	मोटरसाइकल खरिद	३०४४५०
१२	२०५.२.२४	ब्रिलीयण्ट मल्टिप्रपोज कम्पनी प्रा लि	सिसिटिभी क्यामेरा तथा एसी खरिद	३४७७४७
१३	२८८.३.१७	दिब्या कम्प्युटर्स एण्ड सप्लायर्स	सिसिटिभी क्यामेरा खरिद	६९९५००
१४	८१.११.२४	अधिकारी ईलेक्ट्रोनिक्स सेन्टर	सडक वत्ती खरिद तथा जडान	१५११९९
१५	९९.१२.२	बाबा बिजुली भण्डार	सडक वत्ती खरिद तथा जडान	२६११५९
१६	१३९.१२.३०	ब्रिलियण्ट मल्टिप्रपोज कम्पनी प्रा लि	सडक बत्ती खरिद तथा जडान	५५००००
१७	१५४.१.१२	ओमप्रकाश मोबाइल ग्यालरी एण्ड ईलेक्ट्रिक	सडक बत्ति खरिद तथा जडान	१२८९५५
१८	169.13	न्यू बाबा बिजुली भण्डार	सडक बत्ति खरिद तथा जडान	९८६६६
१९	२०६.२.१६	एसपी ईलेक्ट्रोनिक्स प्रा लि	सडक बत्ति खरिद तथा जडान	५५०२१३
२०	२७०.३.११	केदारी एण्ड वि.एन. ट्रेड सप्लायर्स	सडक बत्ति खरिद तथा जडान	१९०४६५
२१	३४४.३.२३	रारा बिजुली भण्डार	सडक बत्ति खरिद तथा जडान	२२४८१७
		कुल जम्मा		६६४९७४३

९२ **ह्युम पाइप खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष रिजन ह्युम पाइप तथा कंक्रिट उद्योगबाट निम्नानुसार विभिन्न साइजका ह्युम पाइपहरु खरिद गरी विभिन्न वडा अध्यक्षहरुलाई वितरण गरी खर्च लेखेकोमा पाईपहरुको माग विवरण, लागत अनुमान जडान विवरण तथा खपतको प्रमाणित नाप जाँच सहितको विवरण संलग्न छैन। साथै वितरण भरपाई समेत पुर्ण छैन। तसर्थ के कति परिमाणमा कहाँ खपत भयो सोको प्राविधिक नापी किताव सहितको खपत प्रमाणित हुने प्रमाण पेश हुनुका साथै बाँकी ह्युम पाइपहरु वितरण तथा सोको जडान भएको प्राविधिक नापी किताव पेश हुनुपर्ने रु

पाइप विवरण	खरिद भएको संख्या	खरिद दर	खरिद रकम	वितरण संख्या	बाँकी संख्या	वितरण हुन बाँकीको मुल्य
Size of Hume Pipe 900	७	३२०००	२२४०००	४	३	९६०००
Size of Hume Pipe 600	१०	१८६००	१८६०००	४	६	१११६००
Size of Hume Pipe 450	२५	१३५००	३३७५००	२४	१	१३५००
Size of Hume Pipe 300	५	१०८००	५४०००	०	५	५४०००
Transportation			४०५००			०
			८४२०००	३२	१५	२७५१००
जम्मा			९५१४६०	३६	१७	३१०८६३

प्रमाण पेश नगरेको	९,५१,४६०

९३ **डी पि आर निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष निम्नानुसार रू.२२ लाख २२ हजारको डि पि आर तयारीमा बजेट खर्च गरेको देखियो। तयार भएको डिपिआर अनुसार उक्त योजनाहरुमा रू.८१ करोड ८ लाख ४७ हजार लाग्ने देखिएको छ। जुन पालिकाबाट संचालन हुन बर्षौ लाग्ने अवस्था छ। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै कार्यान्वियन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वियनमा नआउदा मुल्य वृद्धि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वियन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डिपिआर निर्माणमा खर्च गर्नु पर्दछ।

क्र स	डिपिआर गर्ने फर्म	डिपिआर विवरण	भएको खर्च	डिपिआरबाट कायम ल ई
१	२७७ ईन्जीनीयरीङ्ग कन्सल्टेन्सी	Kanchan Chyoling Gumba at Punarbas-3, Kanchanpur	९७७४५०.००	२८४१७६८०१.००
२	सैपाल ईन्जिनीयरीङ्ग कन्सल्टेन्सी	Kursha Drain to Gaurighat Road	४५२०००.००	४२२१३१३०.१९
३	एईसिओएम कन्सल्ट प्रा लि	IBRD Market Water Drainage System and Ghagau Chowk – Pashupati Chowk 4 Lane Road , Punarbas Municipality	७९२५९५.००	४८४४५७४५०.१४
४	जम्मा		२२२२०४५.००	८१०८४७३८१.४३

९४ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले प्रशासकीय भवन निर्माणको लागि आशिष रश्मी जेभीलाई भुक्तानी गर्दा तयार भएको प्राविधिक नापी किताव र पेश गरेको डिजाइ, ड्रईङ्ग तथा स्थलगत परीक्षण गर्दा फरक देखियो। नापी कितावमा ई देखि ई सम्मको वालको ईट्टाको गारोको काम गर्दा ग्राउण्ड फ्लोर, फर्स्ट फ्लोर र सेकेण्ड फ्लोरको काममा सबैमा लम्बाई २०.२७ मिटर, चौडाई ०.२३ मिटर र उचाई २.७४३ मिटर उल्लेख गरी सोही अनुसार परिमाण गणना गरेको छ। तर सोही भागमा पर्ने सिडिलाई उज्यालो बनाउन राखिएको लामो झ्याल जुन ग्राउण्ड फ्लोरको झ्यालको माथिल्लो भागबाट शुरु भई सेकेण्ड फ्लोरको माथिल्लो भाग सम्म फैलिएको छ। जसले गर्दा ग्राउण्ड फ्लोरको सो भागको लम्बाई र माथिल्ला फ्लोरमा सो भागको लम्बाई बराबर हुने अवस्था देखिदैन। सो लामो

झ्यालको भाग ग्राउण्ड फ्लोरमा झ्याल भन्दा माथिको भागमा मात्रै पर्ने भएता पनि माथिल्ला फ्लोरको पुरै उचाईमा उक्त झ्याल पर्ने हुन्छ तर नापी किताव तयार गर्दा कतै घटाएको देखिएन। अत माथिल्ला २ फ्लोरमा उक्त भागको चौडाई १.३७२ मिटर र लम्बाई ५.४८६ मिटरलाई आधार लिदाँ हुने १.७३१२ घन मिटरको हुने रू.१७३११।०० र सोमा लाग्ने मुअकर समेत असुल हुनुपर्दछ।

असुल गर्नुपर्ने	१९,५६२

९५ अनौपचारिक कारोवार

सार्वनजिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद स्थायी लेखा नम्बर लिएका र मुल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति फर्म सँग मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। यो नियमले उपभोक्ता समिति समेतलाई स्थायी लेखा नम्बर लिनुपर्ने अनिवार्य गरेको छ। विद्यालय तथा विद्यालय व्यवस्थापन समितिहरु सार्वजनिक निकाय नै हुन। उल्लिखित नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले आफुले सम्पादित सम्पुर्ण कार्यमा भएको खर्चको प्रमाण सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष भौतिक निर्माणको कार्य उपभोक्ता समिति मार्फत गराएकोमा पेश भएका खर्चका प्रमाण कागजातको रुपमा सेतो कागजमा भरपाई गरेका खर्चका भरपाईहरु पेश भएका छन। साना साना रकमको भरपाईलाई स्वभाविक मानिएता पनि रू.५० हजार भन्दा बढि रकमको भरपाई स्वभाविक देखिदैन। व्यवसायिक कारोवार गर्ने तर औपचारिक रुपमा दर्ता भई करको दायरामा नआउने व्यक्तिहरुलाई करको दायरामा आउन आवश्यक पहल गर्नुपर्दछ।साथै सम्बन्धित लाभग्राही समितिले पेश गरेका यस्ता भरपाईले वास्तविक खर्चको प्रमाण पुष्टि गर्ने आधार विश्वासनीय देखिदैन। उदाहरणको रुपमा केही खर्चका प्रमाण निम्नानुसार छन।

(विस्तृत विवरण बेरूजु दफा ९५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

९६ गुणस्तर परीक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। त्येसै गरी सडक विभागबाट जारी Standard Specification of Road and Bridge works, 2073 को बुदा नं १२०१ मा सडकमा गरिने ग्रावेलको गुणस्तर सम्बन्धमा व्यख्या गरिएको छ। सोको लागि आवश्यक पर्ने फिल्ड डेन्सिटी टेस्ट, म्याटेरियल आइडेन्टिफिकेशन टेस्ट जस्ता परिक्षणको फ्रिक्वेन्सी समेत तोकिएको छ। पालिकाले यो वर्ष निम्नानुसार रू.७३०९७१०।०० को सडकमा ग्रावेल गर्ने कार्य उपभोक्ता समितिहरु मार्फत गरिएकोमा सडक विभागले तोकेको गुणस्तर परिक्षण नगरी भुक्तानी गरेको देखियो। ग्रावेल कार्यको भुक्तानी गर्दा सडक विभागले निर्धारण गरेको नर्मस अनुसार गणना गरिएको दर राखी भुक्तानी भएको सन्दर्भमा निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न निर्माण कार्यमा तोकिएको गुणस्तर निहित रहेको छ भन्न सकिने अवस्था देखिएन। नियममा तोकिए बमोजिम गुणस्तर परीक्षण गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ९६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

९७ कृषि तथा पशु उद्यमशीलता विकास परियोजना (साझेदारी कार्यक्रम, हेफर प्रोजेक्ट नेपाल)

पुनर्वास पालिकाले हेफर प्रोजेक्ट नेपाल नामक गैरसरकारी संस्थासँग २०८३ अषाढसम्म कार्यान्वयन अवधि रहेको **"कृषि र पशु विकासमा आधारीत साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम"** संचालन गर्न कुल बजेट रू.३५७१४२८६।०० को ७० प्रतिशत रकम रू.२५०००००००.०० पालिकाबाट बेहोरिने गरी मिति २०८० फाल्गुन ११ गते सम्झौता गरेको पाइयो। परियोजना कार्यान्वयनको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन।

९७.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(८) मा स्थानीय तहले सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको भए तापनि गैरसरकारी संस्थासँग स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन। स्थानीय तहले स्थानीय सरकार संचालन ऐन, २०७४को दफा २५ बमोजिम गैरसरकारी संस्थाले स्थानीय तहसँग समन्वय गरी आफ्ना योजना र कार्यक्रम स्थानीय तहको योजना, बजेट तथा कार्यक्रममा समावेश गराई मात्र सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। गैरसरकारी संस्थाबाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ। सोही

नियमावलीको नियम ९९ मा गैरसरकारी संस्थाबाट दश लाख रूपैयाँसम्मको काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त तयार गरी कम्तिमा पन्ध्र दिनको अवधिको सूचनामार्फत कम रकमको प्रस्ताव पेश गर्ने योग्य संस्थासँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैरसरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि कृषि तथा पशु उद्यमशीलता परियोजना सञ्चालनका लागि पालिकाले अनुमानित लागतको ७० प्रतिशत खर्च रू.२५००००००.०० बेहोर्ने गरी लागत साझेदारीको नाममा हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा निर्दिष्ट क्षेत्रसँग अमिल्दो कृषि सामाग्री, पशु तथा बागवानी सम्बन्धी खरिद र ढुवानीकार्यका लागि तथा तोकिएको रकमको सीमा भन्दा बढी हुने गरी सो परियोजना कार्यान्वियन गर्न र सोका लागि खर्च परिचालन गर्न सो गैरसरकारी संस्थालाई अधिकार दिएको उल्लिखित नियमावलीको व्यवस्था अनुसार मिलेको देखिएन ।

९७.२ आयोजना वा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नुपर्दछ। प्रतिफल उच्च मानिएका आयोजना तथा कार्यक्रमका मुख्य विषय र क्षेत्रमा कुल अनुमानित बजेटको बढी हिस्सा र सोको संचालनार्थ बजेटको कम हिस्सा खर्च हुने गरी बजेट तय गर्नुपर्दछ। सम्झौताबमोजिम निम्नानुसार पशु र कृषि उद्यमशीलताका ३ क्षेत्र पशु खरिद तथा ढुवानी, बागवानी तथा ढुवानी, तथा कृषि सामाग्री र यन्त्रका लागि अनुमानित लागत रु.३ करोड ५७ लाख १४ हजारको ४४.६४ प्रतिशतले रु.१ करोड ५९ लाख ४४ हजार तथा ती मुख्य कृयाकलाप परिचालनका लागि भने तालिम, भ्रमण, तलब, प्राविधिक सेवालगायतमा अनुमानित लागतको ५५.३६ प्रतिशतले रु.१ करोड ९७ लाख ७० हजारको सम्झौता गरेको छ।

सि.नं.	बजेट शिर्षक	हेफर	नगरपालिका	जम्म बजेट	प्रतिशत
क)	**उद्यमशिलता कार्यक्रमको प्रत्यक्ष लागत**				
१	पशु खरिद तथा ढुवानी	०	५४०००००	५४०००००	१५.१२
२	बागवानी तथा ढुवानी	०	२५९००००	२५९००००	७.२५
३	कृषि सामग्री तथा यन्त्र	०	७९५४०००	७९५४०००	२२.२७
	जम्मा (क)	**०**	**१५९४४०००**	**१५९४४०००**	**४४.६४**
ख)	**कार्यक्रम संचालन खर्च**				
४	भ्रमण खर्च	१४८००००	०	१४८००००	४.१४
५	तालिम	०	४६४५३००	४६४५३००	१३.०१
६	प्राविधिक सेवा तथा मुल्याङ्कन	४७७९१७५	४४१०७००	९१८९८७५	२५.७३
७	तलब तथा सुविधा	३०४३२८८	०	३०४३२८८	८.५२
८	कार्यालय संचालन खर्च	१४११८२३	०	१४११८२३	३.९५
९	पुँजीगत खर्च	०	०	०	०.००
	जम्मा (ख)	**१०७१४२८६**		**१९७७०२८६**	**५५.३६**
	कुल बजेट (क+ख)	**१०७१४२८६**	**१५९४४०००**	**३५७१४२८६**	**१००**

पालिका मातहत नै आफ्ना योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि, पशु, प्राविधिक, लेखा लगायतका विषयगत क्षेत्र हेर्ने सांगठानिक शाखाहरू र जनशक्ति रहेको अवस्थामा पालिका आफैले सो परियोजना संचालन गर्न सक्ने ज्ञान, सीप र क्षमताको विश्लेषण र मुल्यांकन नै नगरी सो कार्य गैरसरकारी संस्थाबाट गराउनु जवाफदेहिपूर्ण र औचित्यपूर्ण रहेको पुष्टि हुँदैन। कृषि र पशुका लागि कुल बजेटको ४४.६४ प्रतिशत र सो कार्यक्रम परिचालनका लागि ५५.३६ प्रतिशत बजेट राख्नाले अधिकांश बजेट मुल

कार्यक्रमका लागि पुँजी निर्माण गर्ने भन्दा चालु खर्चमा प्रयोग हुने देखिन्छ। हेफर प्रोजेक्टले सो परियोजनाका लागि ३० प्रतिशत खर्च बेहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रम संचालनसँग सम्बन्धित रहेको र संचालन खर्चको सीमा उसैको नियन्त्रणमा रहनाले सो खर्चको मितव्ययिता र दक्षता विश्लेषण गर्न सकिएन। पालिका आफैले सो कार्यक्रम कार्यान्वियन गरेको भए सोका लागि पालिकाका जनशक्तिका लागि तलब, प्राविधिक सेवा तथा मुल्यांकन समेतका लागि थप लागत नपर्ने अवस्थाले लागत साझेदारीको उपादेयता अपेक्षित रहेको छैन। यो वर्षसम्म पालिकाले उद्यमशीलता परियोजनाका लागि हेफर प्रोजेक्ट नेपाललाई रु.४२८४६६०।४७ भुक्तानी गरेकोमा सम्झौतामा विस्तृत कृयाकलापगत बजेट उल्लेख नगर्नाले सो खर्चको विश्लेषण गर्न सकिने अवस्था देखिएन। संचालन लागत अत्याधिक भएका यस्ता परियोजनामा संचालन गर्दा लाभ लागत समेत विश्लेषण गर्नुपर्दछ।

९७.३ सार्वजनिक निकायले निर्माण कार्य गर्दा, वस्तु वा सेवा खरिद गर्दा तथा कार्यक्रम संचालन गर्दा आफैले सो कार्य गर्न क्षमताको अभाव भएमा कानून बमोजिम बाह्य पक्षबाट सो कार्य गराउँदा सक्षम पक्षको छनौट गरी सम्झौता गरिएको भन्दा अन्यबाट सो कार्य गर्न गराउन स्वीकृति दिन मिल्दैन। पालिकाले कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको व्यवस्थापन र संचालनका लागि सम्झौताका आधारमा रकम उपलब्ध गराए तापनि हेफर प्रोजेक्टले सो परियोजनाको कार्यान्वियन सम्पूर्ण रूपमा स्थानीय राष्ट्रिय बातावरण तथा सम विकास समाज (NEEDS) नेपाल मार्फत गराएको छ। पहिलो पक्षको पालिकाले दोस्रो पक्ष रहेको हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरे तापनि आवश्यकता र सक्षमताको परीक्षण बेगर नै परियोजनाको कार्यान्वियन अन्य गैरसरकारी संस्थाले गर्न सहमति दिने र स्वीकार गर्ने, कार्यान्वियन गर्ने गराउने कार्य जवाफदेहिपूर्ण, औचित्यपूर्ण र विधिसम्मत् देखिएन।

९७.४ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ अनुसार स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्यिन गर्नुपर्ने व्यवस्था छ। यस परियोजना वा कार्यक्रमका संभाव्यता अध्ययन, जोखिम, आन्तरिक नियन्त्रण, कृयाकलापगत विस्तृत गतिविधि (कृषि, पशु र बागवानीका खरिदका परिमाण, दर र रकम तथा ढुवानी) र प्रतिफलको लेखाजोखा नगरी परियोजना स्वीकृत गरेको छ। परियोजनामा लाग्ने कार्यक्रमगत खर्चको भार पालिकाले बेहोर्ने भए तापनि सोको व्यवस्थापन र कार्यान्वियनको जिम्मेवारी गैरसरकारी संस्थालाई दिएको देखियो।

९७.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६मा कुनै फर्म, संस्था वा कम्पनीलाई पेश्की दिँदा प्रचलित कानूनबमोजिम बैंक जमानत लिनुपर्ने व्यवस्था विपरीत कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको कार्यान्वियनार्थ हेफर प्रोजेक्ट नेपाललाई सम्झौताको बमोजिम पेश्की दिएको पाइयो। सम्झौतामा पहिलो पक्ष पालिकाले दोस्रो पक्ष हेफर प्रोजेक्ट नेपाललाई पहिलो किस्तामा कुल सम्झौता रकमको ३० प्रतिशत, दोस्रो किस्ता र तेस्रो किस्ता अझ पहिलो वर्षको हकमा सम्झौता रकमको पचास प्रतिशतका दरले दुई किस्तामा रकम निकासा गर्ने उल्लेख छ। यो वर्षको वर्षान्तमा पेश्की बाँकी नरहे तापनि जमानत बेगर पेश्की दिँदा सोको अन्यत्र प्रयोग हुन नपाउने गरी पेश्कीका लागि छुट्टै बैंक खाता नखोली पेश्की उपलब्ध गराएको र मासिक रुपमा खर्चको फाँटवारी र बैंक स्टेटमेण्ट लिएको पाइएन। आर्थिक कार्यविधि कानूनको प्रावधान विपरीत जमानत बेगर पेश्की दिन मिल्ने बेहोरा सम्झौतामा राखी स्वीकृत गर्ने र कानूनी व्यवस्थासँग बेमेल हुने गरी पेश्की दिनेलाई जिम्मेवार बनाई कानून बमोजिम बाहेक सुरक्षण बेगर पेश्की दिने कार्य नियन्त्रण हुनुपर्दछ।

९७.६ आयकर ऐन, २०५८ को दफा ७, ८, र ९ बमोजिम क्रमशः व्यवसाय, रोजगारी तथा लगानीको आय भए सोको गणना गरी करयोग्य आयमा कर लाग्ने व्यवस्था छ। सोही ऐनको दफा ८८ अनुसार सेवा शुल्कको भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले र दफा ८९ बमोजिम ठेक्का वा करार वापतको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। परियोजना संचालनका लागि तालिम, प्राविधिक सेवा र मुल्याङ्कन कार्यका लागि बजेट व्यवस्था गरेको र सोको संचालन हेफर प्रोजेक्ट नेपालले गर्ने हुँदा सो सेवाको भुक्तानीमा कर कट्टी गर्नुपर्ने देखिन्छ। तालिम तथा प्राविधिक सेवा र मुल्यांकनको लागत, दर, र कृयाकलाप पालिकाले स्वीकृत गरेको पाइएन। प्राविधिक सेवा प्रदान गर्ने कार्यको लागत र सोका गतिविधि तथा सोमा के कति खर्च भयो देखिने स्पष्ट अभिलेख संलग्न नरहेको हुँदा सो सेवाको भुक्तानीमा कर कट्टी गर्नुपर्ने रकम यकिन गर्न सकिएन। हेफर प्रोजेक्ट नेपाल गैर

नाफामूलक संस्था रहेको भए तापनि संस्थाको मुख्य उद्धेश्य भन्दा पृथक खोर निर्माण, प्राविधिक सेवा, कार्यक्रम तथा तालिम संचालन जस्ता प्राविधिक सेवाको भुक्तानीमा कर छुट नहुनुका साथै सो संस्थाले पुनः अर्को राष्ट्रिय बातावरण तथा सम विकास समाज (NEEDS) नेपाल मार्फत सेवा प्रदान गराएको हुँदा समाज उत्थान सहयोग केन्द्रलाई हुने भुक्तानीमा सेवा शुल्क लगायतका प्रतिफल समावेश हुने हुँदा सो अवस्थामा भुक्तानी गर्दा सोमा ऐनको दफा ८८ र ८९ बमोजिम कर कट्टी गर्नु पर्ने हुन्छ। तर सो सम्बन्धी खुलासा गरेको पाइएन। उद्यमशीलता परियोजना संचालनका लागि तालिम र प्राविधिक सेवा जस्ता कार्यमा खर्च लेखेको तथा परियोजना संचालनका लागि करार गरेको हुँदा सोको भुक्तानीमा आयकर ऐन, २०५८ का उपरोक्त दफा बमोजिम कर कट्टी गर्नुपर्ने अवस्था देखिदा सो सम्बन्धमा हेफर प्रोजेक्ट नेपाललाई कर कट्टी गर्नु नपर्ने आन्तरिक राजस्व विभागको निर्णय वा कानूनी आधार पेश गर्नुपर्ने अन्यथा यो वर्षको खर्च रकम रु. ४२८४६६०।४७ मा हेफर प्रोजेक्ट नेपालले अर्को संस्थालाई दिएको भुक्तानी रकमलाई समेत आधार लिई आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिमको प्रकृतिका भुक्तानीमा कर कट्टी गर्न निर्क्यौल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	४२,८४,६६०.४७

९७.७ उद्यमशीलता परियोजनाका कृषि, बागवानी र पशु खरिद गरी तीन क्षेत्रमा गरिने विस्तृत कृयाकलापको विवरण, सोमा लाग्ने खर्च, लाभग्राहीको छनौट, अपेक्षित प्रतिफल, कार्य सम्पादन सूचक, लक्ष्य र प्रगति विवरण पेश नगर्नाले अपेक्षित प्रगति हासिल गरे नगरेको यकिन गर्न सकिएन। संघीय बजेट र प्रादेशिक बजेटबाट अन्य कार्यालयहरूले पनि कृषि र पशु सम्बन्धी कार्यक्रम संचालन गरिरहेको अवस्थामा यस परियोजनाको कार्य दोहोरो पर्ने नपर्ने बारे अध्ययन विश्लेषण गरेको पाइएन। परियोजना व्यवस्थापनको नेतृत्व र कार्यान्वियनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था अर्थात पालिकाको क्षमता विकास गर्ने र अझ सम्पादित गुणस्तरको सुनिश्चित्ता गर्ने गरी सम्झौता उल्लेख गरे तापनि सो सम्बन्धी कारवाही गरेको पुष्टयाई पेश गरेको पाइएन। सम्झौतामा उल्लिखित लाभग्राहीको सामाजिक पुँजीको अभिवृद्धि, कृषि तथा बाख्राको उत्पादन र उत्पादकत्चको अभिवृद्धि, बजार व्यवस्थापन, र उद्यमशीलताको अभिवृद्धि गर्ने मुख्य उद्धेश्यहरू के कति हासिल भयो भनि खर्चको सार्थकतासहित मुल्यांकन गरिनुपर्दछ।

९७.८ नगरपालिका र हेफर प्रोजेक्ट बिच भएको सम्झौताको बुदा नं. ९ मा परियोजनाको लागि प्रथम पक्षबाट प्राप्त हुने बजेट स्थानीय स्तरमा लक्षित समुदायमा नै खर्च गर्ने र उक्त बजेट कर्मचारीको तलब भत्ता र अन्य प्रशासनिक जस्ता कार्यमा खर्च नगरिने सम्झौता गरेकोमा दाङमा हेफर आधारशीला तालिममा सहभागी भएका जगदीश चन्द्र धामी र प्रकाश राज ओझाले सहभागी जनाएकोमा उक्त कार्यक्रममा देहाय अनुसार खर्च गरेको छ। यस कार्यक्रममा हेफरका कर्मचारी सहभागी भएकोले उक्त खर्च सम्बन्धीत संस्थाबाट नै खर्च गर्नु पर्नेमा नगरपालिकाको तर्फबाट खर्चको भुक्तानी गरेको छ। उक्त कार्यक्रमको खर्चको भुक्तानीको सोधभर्ना गरी स्थानीय संचितकोषमा दाखिला हुनु पर्ने रू

विवरण	खर्च रकम
होटल माला इन प्रा. ली.	१२८६२१.२९
गाडी भाडा	४८०००
जम्मा	१७६६२१

प्रमाण पेश नगरेको	१,७६,६२१

९८ रोजगारी सृजना

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ११ वडामा सुचिकृत ९३६ बेरोजगार मध्ये यो वर्ष १० योजना सञ्चालन गरी १६८ जनालाई औसत ६० दिनले

६२४ दिन रोजगारी उपलब्ध गराई रू.४१,४१,९३४।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। वर्षको करिब १६ प्रतिशत दिन मात्र रोजगार उपलब्ध गराएर कार्यक्रमको सार्थकता हासिल हुदैन। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

वडा नं.	**सुचिकृत बेरोजगार संख्या**	**रोजगार संख्या**	**रोजगार प्राप्त गरेको दिन**	**प्रति व्यक्ति रोजगार प्राप्त गरेको दिन**	**कुल खर्च**	**प्रति व्यक्ति रोजगारी आय**	**रोजगार प्रतिशत(%)**
१	९४	१०	१०००	१००	६६८०००	६६८००	१००
२	११८	२१	११५९	५५	७७४२१२	३६८६७	५५
३	३७	-	-	-	-	-	-
४	४८	२०	२०००	१००	१३३६०००	६६८००	१००
५	५१	४०	४३३	३६	२८८२४२	७२०६	३६
६	५३	-	-	-	-	-	-
७	६१	३९	२९८	८	१९९०६४	५१०४	८
८	११५	०	०	०	०		०
९	११६	३८	१३१४	३५	८७६४१६	२३०६४	३५
१०	१९६	-	-	-	-	-	-
११	४७	-	-	-	-	-	-
जम्मा	**९३६**	**१६८**	**६२०४**	३३४	**४१४१९३४.००**	-	-

९९ **नियम पालन नगरी बिज्ञापन खर्च**

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ। यस कार्यालयबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन। यस कार्यालयबाट विज्ञापनबापत भुक्तानी गर्दा उल्लिखित वेहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम बिज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रू.

भौ न मिति	विज्ञापनएजेन्सी तथा मिडीया	भुक्तानीरकम	३प्रतिशतले हुने रू
५०।१०।२	केदारमिडीया हाउस प्रा लि	७११९०।००	२१३५।७०

प्रमाण पेश नगरेको	२,१३५.७

१०० **लघु उद्यम विकास कार्यक्रम**

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसुची ३ को दफा ११ मा नयाँ लघु उद्यमी सिर्जना तर्फ विनियोजित कुल वजेटको २४ देखि ३३ प्रतिशत खर्च स्थानीय तहले सेवा करार सम्झौता गरी उद्यम विकास सहजकर्ता परिचालनमा खर्च गर्न सक्ने व्यवस्था छ। जसअनुसार शसर्त कार्यक्रम तर्फको कुल विनियोजित वजेट रू.८६००००।०० को अधिकतम रू.२८३८००।०० खर्च गर्न पाउनेमा पालिकाले २ जना कर्मचारि नियुक्त गरि बर्षभरी शसर्त चालु शिर्षकवाट रू.२८३८००।०० र पालिकावाट मिति २०८०-१०-१३ र २०८१-०३-२५ को नगर सभाले खर्च अनुमोदन गरे अनुसार रू.६१६२१६।०० थप गरि रू. ८,९९,२१६।०० खर्च लेखेको छ। यसरी संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको लागी पालिकाको सभाबाट बजेट थप गरी तोकिए भन्दा बढि व्ययभार पर्ने गरि खर्च भएको देखियो। यसरी निर्देशिकाले तोकेको भन्दा फरक गरी सभाबाट अनुमोदन गराई खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१०१ **प्रधानमन्त्री रोजगार योजना**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ११ वडामा सुचिकृत ९३६ बेरोजगार मध्ये यो वर्ष निम्नानुसार वडा न ९, ७, ४, ५, २ र १ मा १० योजना सञ्चालन गरी १६८ जनालाई औसत ६० दिनले ६२४ दिन रोजगारी उपलव्ध गराई रु. ४१,४१,९३४।०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। वर्षको करिब १६ प्रतिशत दिन मात्र रोजगार उपलब्ध गराएर कार्यक्रमको सार्थकता हासिल हुदैन। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

क्र.सं.	वडा नं.	आयोजनाकोनाम	रकम (रू)	रोजगारी संख्या
१	९	जिवन शक्ति आधारभुत विद्यालय,सिताबस्तीमा साझेदारी बाट पर्खालनिर्माण वडा नं ९	६२१२४	३८
२	९	जैविकतटबन्ध निर्माण साझेदारी वडा नं ९	१३८९४४	
३	९	कुर्सानाला सरसफाई (प्यारा ताल)	६७५३४८	
४	७	जैविकतटबन्ध निर्माण साझेदारी वडा नं ७	१९९०६४	३९
५	४	तिमिल्सेना वारि देखि खड्काको घरसम्म नयाँ बाटो निर्माण	६४१२८०	२०
६	४	आचार्य चोक देखि लाल बहादुर शाहीको घर सम्म नयाँ बाटो निर्माण	४२७५२०	
७	४	कमला सुनारको घर देखि खनालको घरसम्म नयाँ बाटो निर्माण वडा नं ४	२६७२००	
८	२	अमरैया शिव मन्दिर देखि पश्चिम कालिका मन।दिर सम्म बाटो निर्माण	७७४२१२	२१
९	१	पुरैना टोल सहदेव रानाको टोल देखि पुर्व जाने बाटो तिर्थलाल राना रसञ्जनलाल रानको खेत जाने वाटो सम्म(सडक निर्माण)	६६८०००	१०
१०	५	मदन आश्रित आ वि देखि लोकतान्त्रिक मार्गसम्मको बाटोमा माटो भरानतथा मर्मत	२८८२४२	४०
		जम्मा	४१४१९३४।००	१६८

१०२ **छात्रवृत्ति वितरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाको शैक्षिक छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि रहेको देखिएन। स्नातक तहका विद्यार्थीहरुलाई ४ वर्ष सम्म छात्रवृत्ति उपलव्ध गराउनु पर्ने र सोहि अनुसार प्रत्येक वर्ष अन्य विद्यार्थीहरु समेतलाई अवसर दिनुपर्ने देखिएबाट पालिकालाई दिर्गकालिन व्ययभार पर्ने कार्यक्रमको सम्बन्धमा स्रोत जुटाउने विकल्प सहित कार्यक्रम तय हुनुपर्दछ। छात्रवृत्ति वितरण कार्यक्रमलाई कार्यविधि र वस्तुगत मापदण्डमा आधारित बनाउनु पर्दछ।

क्र स	विद्यार्थीको नाम	अध्ययनको विषय	छात्रवृत्ति रकम
१	गरिमा गजुरेल	नर्सिङ(पिसिएल)	१०००००।००
२	स्मृति वि सि	बि ई कम्प्युटर	१०००००।००
३	आयुस रसाइली	बि ई ए आई डाटा	१०००००।००
	जम्मा		३०००००।००

१०३ **अनुदानको उपयोग**

समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुदाँ न ४(३)ञ मा एक आर्थिक वर्ष भन्दा बढि अवधिको आयोजना तथा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकम राखि प्रत्येक आर्थिक वर्षको पौष मसान्त भित्र नेपाल सरकार अर्थ मन्त्रालय समक्ष प्रस्ताव पेश गर्नुपर्ने उल्लेख छ। त्यसै गरी कार्यविधिको बुँदा न १० मा बुदाँ न ४ बमोजिमको प्रस्तावमा तोकिएको अवधि भित्र कार्यक्रम सम्पन्न नभए बाँकी अवधिको लागि थप अनुदान नदिइने व्यवस्था छ। पालिकाले शीत भण्डार निर्माणको लागि आ व २०७९।८० को लागि प्रस्ताव पेश गरेको सो वर्षको अन्तिममा मिति २०८०।३।२४ गते सम्झौता भई २०८२।३।१५ मा सम्पन्न हुने गरी कार्यक्रम संचालनमा ल्याएको देखियो। आ व २०७९।८० मा निर्माण व्यवसायीलाई संघीय स्रोतबाट भुक्तानी भएको पेश्की रू.३७ लाख फर्स्योट नभई यो वर्ष कूल रू.२१९९६४००।०० भुक्तानी हुदाँ उक्त पेश्की फर्स्योट भएको देखियो। यो वर्ष यस कार्यक्रमको लागि संघीय समपुरक अनुदान प्राप्त हुन सकेको देखिएन। शुरु प्रस्ताव पेश गर्दा न्यूनतम २ वर्षको अवधि राखी पेश भएको देखिन्छ। तर यो वर्ष संघीय अनुदान

प्राप्त नहुँदा पालिका स्रोतबाट रू.१०९९८२००।०० भुक्तानी हुनुपर्नेमा रू.१८२९६४००।०० भुक्तानी भएको देखियो। जसले गर्दा समपुरक अनुदानमा संचालित कार्यक्रम पालिकाबाट रू.७२९८२००।०० बढि व्यय व्यहोर्नु परेको देखियो। यस सम्बन्धमा आवश्यक पहल गरी संघीय अनुदान प्राप्त गरी पेश गरेको प्रस्ताव र कार्यविधिको कार्यान्वियन हुनुपर्दछ।

१०४ **विपी स्मृति भवन**

अन्तर सकारी तथा वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने र सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकाले योजना कार्यान्वियन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्ने व्यवस्था छ। विपि स्मृति भवन मर्मतका लागि रू.४० लाख प्राप्त भएकोमा पालिकाले विपि स्मृति भवन निर्माण गरि रू.३६९३१८० खर्च गरेको छ। पालिकालाई मर्मतको लागि प्राप्त भएको बजेटमा निर्माण कार्य गरेको छ। लेखापरीक्षण छलफलको क्रममा यस नगरपालिकामा विपि स्मृति भवन नभएकोले नया भवन निर्माण गरिएको जनाएको छ। सशर्त अनुदान प्रदान गर्दा आवश्यक योजना पहिचना गरी मात्र प्रदान गर्नु पर्ने तर्फ सम्बन्धित निकायको ध्यान दिनुपर्छ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : पुनर्वास नगरपालिका, कंचनपुर , पुनर्बास नगरपालिका , कञ्चनपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	लक्ष्मी दत्त भट्ट	२०८०-२-२८	२०८१-१०-८
कार्यालय प्रमुख	तिलक प्रसाद रिजाल	२०८१-१२-११	हाल सम्म कार्यरत
लेखा प्रमुख	नरेन्द्र सिंह बडाल	२०७७-१२-२५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५७१,९५४.२	६,६२२,१११	६,६६०,४३९.८६	०	०	१४,७५३,३०१
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२८,६०७,८०६.०६
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२८,६०७,८०६.०६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२०३५२०३७१.०७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४१२९०७९२०	चालु खर्च	४१६०६८५०२.८
प्रदेश सरकारबाट अनुदान	१९८७२९२६	पूँजीगत खर्च	१८१२६३८१९
राजश्व बाँडफाँट	१३७९७६३०६.८	वित्तीय/अन्य व्यवस्था	३६८७३६६८.५६
आन्तरिक आय	३३५०५२६६.५९		
अन्य आय	२३७४३३६४.६		
कुल आय	६२८००५७८३.९९	कुल खर्च	६३४२०५९९०.३६
बाँकी मौज्दात		१९७३२०१६४.७	

अनुसूची - २

बेरूजु दफा ९५ सँग सम्बन्धित विवरण - अनुसूची - ३

भौ न मिति	कामको विवरण	रकम बुझ्नेको नाम	विक्री गरेको सेवा वा वस्तु	भुक्तानी रकम
५७.१०.२४	श्रीमरी खौका बगीया ग्रावेल	मनु तामाङ	ग्रावेल ढुवानी, मोटर ग्रेडर तथा मेशिन भाडा	२१४४७८.
७६.११.२३	पुरैना तन्नुराज पन्तको घर देखि उत्तर दोदा सम्म ग्रावेल	खेम साउद	ग्रावेल ढुवानी तथा लोडिङ	१२४३२०.
७७.११.२३	हर्क चनाराको घर देखि राधाकृष्ण मन्दिर उ स	सुनील तामाङ	ग्रावेल ढुवानी	५६०००.
७८.११.२३	एजी स्कुल अगाडी पछाडी ग्रावेल	दिपेश तामाङ्	ग्रावेल ढुवानी	१३५४५०.
८४.११.२४	महेन्द्र वस्ती गोपी रावतको घर देखि सुरेन्द्र साउद सम्म	बिजु तामाङ्	ग्रावेल ढुवानी	७६५४०.
९१.११.३०	बैला रानाको खेत देखि ग्रावेल	यमलाल चौधरी	ग्रावेल ढुवानी	७४१००.
९३.१२.२	कार्की खोका चोक हुदै दुर्गे स्याङ्देनको घर सम्म ग्रावेद	यमलाल चौधरी	ग्रावेल ढुवानी तथा लोडिङ	१३१६००.
९४.१२.२	नर ब चौधरीको घर देखि बेलौरी सीमा सम्म ग्रावेल	यमलाल चौधरी	ग्रावेल ढुवानी तथा लोडिङ	१३१६००.
९६.१२.२	श्री सरस्वती आ वि फिल्ड भरान	यमलाल चौधरी	माटो ढुवानी तथा लोडिङ	११४४००.
११२.१२.२२	हिरा सिहं चोक देखि रघुनाथ राना सम्म ग्रावेल	यमलाल चौधरी	ग्रावेल ढुवानी तथा लोडिङ	११७९७५.
११७.१२.२५	राम बुद्ध चोक ग्रावेल	यमलाल चौधरी	ग्रावेल ढुवानी	१९३३२४.
२२८.२.२२	मोतीया गाँउ देखि पश्चिम बाटो ग्रावेल	यमलाल चौधरी	ग्रावेल ढुवानी	१७८३००.
२६४.३.९	नव युग बोर्डिङ् स्कूल भट्टको घर सम्म बाटो ग्रावेल	यमलाल चौधरी	ग्रावेल ढुवानी	७२८००.
२६६.३.१०	बौला रानाको घर देखि बेलौरी सीमाना सम्म ग्रावेल	यमलाल चौधरि	ग्रावेल ढुवानी तथा लोडीङ्	७४४००.
१०१.१२.२	बीर बलभद्र बस्ती बाटो ग्रावेल	जीत बहादुर तामाङ्	ग्रावेल ढुवानी तथा लोडिङ	१२८२५०.
११३.१२.२२	पुरानो वडा कार्यालय पुर्व गौरा मन्दिर सम्म ग्रावेल	ईन्द्र ब पुजारा	ग्रावेल ढुवानी	१२९७६०.
११९.१२.२५	भिम रानाको घर देखि खल्ला ग्रावेल	दिपेश राना	ग्रावेल ढुवानी	१२६४५३.
१५१.१.९	सशस्त्र क्याम्प जाने बाटो ग्रावेल	ईन्द्र ब पुजारा	ग्रावेल ढुवानी	१७६९०४.
१५३.१.१०	जय मातादी माटो भरना तथा ग्रावेल	छोटे राना	ग्रावेल ढुवानी	८५८००.
१५५.१.२२	बीर वलभद्र वस्ती माटो फिलिङ् र ग्रावेल	ज्ञाने तामाङ	माटो भरान तथा मेशिन भाडा	१०४०००.
१९१.१.२७	रामलाल चोक देखि पश्चिम ग्रावेल	निर्मला देवि सिहं	ग्रावेल ढुवानी	१३९२००.
२५४.३.४	हरिथापाको बारी देखि तिमसेना चोक सम्म बाटो ग्रावेल	मनु तामाङ्	ग्रावेल ढुवानी	१०३६००.
२८५.३.१६	शवदाह चौतारा देखि ट्रस्ट पोल सम्म ग्रावेल	खेम साउद	ग्रावेल ढुवानी	१३९०८०.

३४३.३.२३	मान ब धामीको घर देखि उत्तमको घर सम्म ग्रावेल	सुरेस एस के	ग्रावेल ढुवानी	७८५००.
३५८.३.२४	पुनाराम चौधरीको घर देखि बाटो ग्रावेल	युवराज श्रेष्ठ	ग्रावेल ढुवानी	१४७१९५.
	जम्मा			३०५४०२९.

बेरूजु दफा ९६ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र स	भौ न तथा मिति	निर्माण व्यवसायी वा उ स को नाम	खरिद गरिएको वस्तु तथा सेवा	भुक्तानी भएको रकम
१	५७।१०।२४	उपभोक्ता समिति	श्री सिमरी खौका बगीया ग्रावेल कार्य	२८९९६१।००
२	७६।११।२३	उपभोक्ता समिति	पुरैना तन्नुराज पन्तको घर देखि उत्तर दोदा नदि सम्म ग्रावेल	२८७४८०।००
३	७७।११।२३	उपभोक्ता समिति	हर्क चनाराको घर देखि राधाकृष्ण मन्दिर सम्म ग्रावेल	२९०३०३।००
४	८४।११।२४	उपभोक्ता समिति	वडा न १ महेन्द्र वस्ति गोपी रावतको घर देखि सुरेन्द्र साउद सम्म ग्रावेल	२८६५०२।००
५	८५।११।२४	उपभोक्ता समिति	कलसी रानाको घर देखि रामसिहं रानाको घर समेम सडक ग्रावेल	१३२०४८।००
६	८८।११।२९	उपभोक्ता समिति	हिरापुर भानदेवको घर देखि सडक ग्रावेल	१८७४२१।००
७	९१।११।३०	उपभोक्ता समिति	बैला रानाको खेत देखि सडक ग्रावेल	१९२०१८।००
८	९३।१२।२	उपभोक्ता समिति	कार्कीको खोका चोक हुदै दुर्गे स्याङ्देनको घर सम्म जोड्ने सडक ग्रावेल	२८९४०१।००
९	९४।१२।२	उपभोक्ता समिति	नर व चौधरीको घर देखि बेलौरी सीमा सम्म ग्रावेल	२८९६०१।००
१०	१०१।१२।२	उपभोक्ता समिति	बीर बलभद्र वस्ति बाटो ग्रावेल	२६१६१४।००
११	११२।१२।२२	उपभोक्ता समिति	श्री हिरा सिहं चोक उत्तर रघुनाथ राना सम्म ग्रावेल	२८३०३३।००
१२	११३।१२।२२	उपभोक्ता समिति	पुरानो वडा कार्यालय पुर्व गौरा मन्दिर सम्म सडक ग्रावेल	३५८२४८।००
१३	११७।१२।२५	उपभोक्ता समिति	राम बुद्व चोक बाटो ग्रावेल	१९२२९०।००
१४	११८।१२।२५	उपभोक्ता समिति	चरण रानाको घर देखि भिरारानाको घर सम्म ग्रावेल	१९३३२४।००
१५	११९।१२।२५	उपभोक्ता समिति	भिमरानाको घर देखि खल्ला ग्रावेल	३३४२२१।००
१६	१३१।१२।२८	उपभोक्ता समिति	मोहन नदि दक्षिण रमेश तामाङको जग्गा सम्म वाल तथा ग्रावेल	३१५२५०।००
१७	२५१।१।९	उपभोक्ता समिति	सशस्त्र क्याम्प जाने सडक ग्रावेल	३५२८७५।००
१८	१५५।१।२२	उपभोक्ता समिति	बिर बलभद्र वस्ती माटो फिलिङ् र ग्रावेल	१९२९४६।००
१९	१९१।१।२७	उपभोक्ता समिति	रामलाल चोक देखि पश्चिम ग्रावेल	३८६०५५।००
२०	२२८।२।२२	उपभोक्ता समिति	मोतीया गाँउ देखि पश्चिम बाटो ग्रावेल	४८१८४१।००
२१	२५४।३।४	उपभोक्ता समिति	हरिथापाको बारी देखि तिमसेना चोक सम्म बाटो ग्रावेल	४५३०२४।००
२२	२६४।३।९	उपभोक्ता समिति	नव युग बोर्डिङ स्कूल देखि भट्ट सरको घर सम्म बाटो ग्रावेल	१८६२४५।००
२३	२६६।३।१०	उपभोक्ता समिति	बौला रानाको घर देखि बेलौरी सीमा सम्म ग्रावेल	१९१२००।००
२४	२८५।३।१६	उपभोक्ता समिति	शवदाह चौतारा देखि ट्रस्ट पोल सम्म ग्रावेल	३४५५३३।००
२५	३४३।३।२३	उपभोक्ता समिति	मान ब धामीको घर देखि उत्तमको घर सम्म ग्रावेल	२५४८२८।००

२६	३५८।३।२४	उपभोक्ता समिति	पुनाराम चौधरीको घर देखि बाटो ग्रावेल	२८२४४८।००
		जम्मा		७३०९७१०।००

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।
- निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।